# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क १८ पूर्णाङ्क १६३ २०७६ मंसिर १६ गते सोमबार Monday, 2 Dec, 2019 पृष्ठ ८ मूल्य रु. १०।-


अखिल (क्रान्तिकारी)का महासचिव पेशल दाहाललाई पुत्रशोक

## श्रद्धाञ्जलीसहित गरियो अन्त्येष्टि



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)का महासचिव पेशल दाहाललाई पुत्रशोक परेको छ । दाहालका चार वर्षे छोरा प्रज्वल दाहालको मुटुको अपरेसनको क्रममा त्रिवि शिक्षण अस्पतालस्थित मनमोहन कार्डियोमा बहीबार विहान असायिक निधन हुन पुगेको छ । लामो समयदेखि मुटु रोगबाट पीडित बालक दाहालको चिकित्सकहरूको *बाँकी ७ पेजमा*

# उपनिर्वाचन बहिस्कार आन्दोलन सफल, ३९ जना नेताकार्यकर्ता पक्राउ

## राज्य हाम्रो 'पर्चा'बाटै आतंकित बन्न पुग्यो : अध्यक्ष गजुरेल





काठमाडौं । शनिबार सम्पन्न उपनिर्वाचन नेकपा (क्रान्तिकारी माओवादी)ले बहिस्कार गर्ने नीति लिएको थियो । क्रान्तिकारी माओवादीले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा उपनिर्वाचन बहिस्कार कार्यक्रमलाई आन्दोलनको रूपमा सञ्चालन गरेको थियो । कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायत करिब ३९५ वर्ग किमि भूमि आफ्नो भूभागमा गाभेर भारतले नयाँ राजनीतिक नक्सा जारी गरेपछि *बाँकी ७ पेजमा*

## अखिल (क्रान्तिकारी)को राष्ट्रिय स्वाधीनता जागरण तथा संगठन सुदृढीकरण अभियान



काठमाडौं । राष्ट्रिय स्वाधीनता जागरण तथा संगठन सुदृढीकरण अभियान ३ नं. प्रदेश अन्तर्गत अखिल (क्रान्तिकारी)को अभियानको क्रममा ललितपुरको लुभु महालक्ष्मी बहुमुखी क्याम्पस र महालक्ष्मी उ.मा.वि.मा सम्पन्न भएको छ । उक्त कार्यक्रममा अखिल (क्रान्तिकारी) केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेल, केन्द्रीय उपाध्यक्ष तथा ३ नं. प्रदेश संयोजक शिलु न्यौपाने, नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी श्याम केसी अखिल (क्रान्तिकारी) ललितपुर संयोजक हिक्मत महरा र सिन्धुपाल्चोक संयोजक अर्पणा श्रेष्ठको उपस्थिति रहेको थियो । ३ नं. प्रदेश अन्तर्गतका १३ वटा जिल्लाहरूमा राष्ट्रियता बचाउनका लागि अखिल (क्रान्तिकारी)ले जागरण अभियान सञ्चालन गरेको थियो ।

## भारतीय राजपत्र भन्छ, लिम्पियाधुरा नेपालकै हो

काठमाडौं । भारतीय राजपत्रमा काली नदीको मुहान लिम्पियाधुरा क्षेत्र नै रहेको तथ्य फेला परेको छ । सन् १९११ मा जारी अलमोडा गजेटमा काली नदीको मुख्य स्रोत लिम्पियाधुरा क्षेत्र नेपाली भूभागमा पर्ने स्पष्ट छ । स्थानीय सौका *बाँकी ८ पेजमा*




## नेपाली भूमि मिचेर बसेका भारतीयहरूलाई अब खोजी खोजी लखेट्नुपर्छ: प्रवक्ता कँडेल



विराटनगर । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेलले नेपाली भूमि मिचेर बसेका भारतीयहरूलाई नेपाली जनता र सुरक्षाकर्मीको सहयोगमा खोजी खोजी नेपाली भूमिबाट लखेट्नुपर्छ भनेका छन् । क्रान्तिकारी माओवादी मोरङले शनिबार विराटनगरमा आयोजना गरेको जुलुससहितको कोणसभालाई सम्बोधन गर्दै प्रवक्ता कँडेलले यस्तो बताएका हुन् ।

नेता कँडेलले भारतीय विस्तारवादी अतिक्रमणका विरुद्ध आफ्नो पार्टी, मोर्चा तथा सबै जनवर्गीय संगठन निरन्तर आन्दोलनमा रहेको जानकारी दिँदै अतिक्रमित भूमि फिर्ता नभएसम्म आन्दोलन जारी राखिने बताए । नेपाली टोपी लगाएर भारतीय विस्तारवादी शासकहरूको चाकडी गर्ने र सत्तास्वार्थ अनुसार सार्वभौमिकतासमेर दाउमा राख्ने राष्ट्रघाती दलालहरू सत्ता र सरकारमा रहेको र व्यवस्था पनि त्यही किसिमको रहेको *बाँकी ७ पेजमा*

## चितवनमा एकसाथ राष्ट्रिय स्वाधीनता र उपनिर्वाचन बहिस्कार आन्दोलन







चितवन । नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले चितवनमा राष्ट्रिय स्वाधीनता र उपनिर्वाचन बहिस्कार आन्दोलनलाई एकसाथ जारी राखेको छ । मंसिर १४ को उपनिर्वाचन बहिस्कार आन्दोलनको क्रममा मोर्चोले मंसिर ७ गते भरतपुर १६ फुर्तिचोकमा कोणसभा सम्पन्न गरेको थियो । कोणसभालाई देजमोकी केन्द्रीय सचिवालय सदस्य अम्बिका मुडभरीले सम्बोधन गरेकी थिइन् ।

नेपालका झण्डा र वास्तविक नक्साको समेत प्रदर्शन गर्दै मंसिर ९ गते खैरनी नगरपालिका वडा न. ५ मा उपनिर्वाचन बहिस्कार सभा सम्पन्न गरियो । सभालाई देजमो, नेपालका केन्द्रीय सदस्य अशोक शर्माले सम्बोधन गरेका थिए । सोही दिन दिउसो खैरनी नगरपालिका वडा न. ४ स्थित सिवालय चोकमा भएको *बाँकी ७ पेजमा*


## क्रान्तिकारी युवा, विद्यार्थी र मजदुरहरूले अतिक्रमणका विरुद्ध १६ गते विशाल प्रदर्शन गर्ने



काठमाडौं । राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई देशव्यापी रूपमा जारी राखेको नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध क्रान्तिकारी युवा, विद्यार्थी र मजदुरहरूले संयुक्त रूपमा विशाल प्रदर्शन गर्ने भएका छन् । सो पार्टी सम्बद्ध क्रान्तिकारी युवा लिग, अखिल (क्रान्तिकारी), अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको ३ नं. प्रदेशको आयोजनामा काठमाडौंको रत्नपार्क शान्तिबाटिकामा विशाल प्रदर्शनको तयारी गरिएको छ । कार्यक्रम अनुसार १६ गते सोमबार १२ बजे शान्तिबाटिकामा जम्मा भई शान्तिबाटिकाबाट बागबजार, पुतलीसडक, पद्मोदयमोड, प्रदर्शनीमार्ग, *बाँकी ८ पेजमा*

## राष्ट्रिय स्वाधीनता र सीमा अतिक्रमण

***कालापानी क्षेत्रमा भारतीय सुरक्षाबलले कब्जा जमाएर बसेको वर्षौं भइसकेको छ । तर त्यहाँ नेपाली सुरक्षाबलको उपस्थिति नै छैन । ठूलो संख्यामा सीमा मिचिँदा, सीमास्तम्भ गायब पारिँदा तथा सारिंदा नेपाल सरकार पूरै मौन बनेर बसिरहेको छ***



● मोहन वैद्य 'किरण' ●

भारतीय शासक वर्गले निरन्तर नेपालको सीमा अतिक्रमण गर्दै आएको छ । हालै भारतद्वारा लिपुलेकदेखि लिम्पियाधुरासम्मको समग्र कालापानी क्षेत्रलाई आफ्नो भूभागमा गाभेर जुन नयाँ नक्सा सार्वजनिक गरियो, त्यसबाट नेपालको भौगोलिक अखण्डतामाथि हुँदै आएको नाङ्गो हस्तक्षेप र अतिक्रमणलाई खुला रूपमा स्विकारिएको यथार्थ उजागर भएको छ । यो नेपालको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकतामाथिको अत्यन्तै गम्भीर प्रकारको थप चुनौती हो । नेपालको भारतसितको सिमानाका २६ मध्ये २३ जिल्लाका झन्डै ७२-७३ ठाउँमा भारतद्वारा करिब ६० हजार हेक्टर भूभाग अतिक्रमण र हस्तक्षेप गरिएको छ । यी अतिक्रमित भूभागमध्ये सबैभन्दा बढी कालापानी र सुस्ता क्षेत्र पर्छन् । कालापानी क्षेत्रमा भारतद्वारा अतिक्रमण गरिएको भूभाग करिब ३७४ वर्गकिलोमिटर छ । त्यत्तिमात्र होइन, अहिले करिब १० हजार वर्गकिलोमिटर भूभागको प्रश्न पनि निकै संवेदनशील बनेर उठिरहेको छ ।

भारतद्वारा नेपाली भूभाग कब्जा र सीमा अतिक्रमण निरन्तर बढ्दै आएको छ । भारतले दसगजा क्षेत्रमा बस्ती बसाउने र बाटो बनाउने कामलाई एकतर्फी रूपमा बढाउँदै लगेको छ । सीमा क्षेत्रमा भारतीय चेकपोस्ट र सीमा सुरक्षाबलको निकै बाक्लो उपस्थिति छ । भारतीय सुरक्षाबलले नेपाली *बाँकी ७ पेजमा*

## सम्पादकीय

# वृहत् राष्ट्रिय स्वाधीनता आन्दोलनको खाँचो

कालापानीदेखि लिम्पियाधुरासम्मको करिब ३९५ वर्ग किमि भूमि कश्मीर र लद्दाखको राजनीतिक हैसियत परिवर्तन गरेसँगै भारतले प्रकाशित गरेको आफ्नो राजनीतिक नक्सामा गाभेको पाइएपछि अहिले देशव्यापी रूपमा विरोध एवम् प्रतिरोध आन्दोलन भइरहेका छन् । सडकमा भएका पार्टीदेखि सरकार र संसदमा भएका पार्टीहरूले, देशभक्त तथा क्रान्तिकारी शक्तिहरूले, स्वतन्त्र नागरिक समाजसम्मले छुट्टाछुट्टै रूपमा भारतीय विस्तारवादी अतिक्रमणका विरुद्ध दिन दिनै प्रदर्शनहरू भइरहेका छन् ।

अहिले चौतर्फी रूपमा सरकारले कुटनीति र राजनीतिक रूपमा उच्च स्तरीय छलफल गरी अतिक्रमित भूमि फिर्ता गरोस् भन्ने दबाब आइरहेको छ । तर सरकारले भारतले विवादित नक्सा सार्वजनिक गरेको करिब एक महिना बितिसक्दा पनि कात्तिक २० गते परराष्ट्र मन्त्रालयबाट बेनामे विज्ञप्ति जारी गर्ने र मंसिर ५ गते 'थर्ड पर्सन डिप्लोम्याटिक नोट' पठाउनेबाहेक हालसम्म कुनै ठोस कूटनीतिक पहल गरेको छैन । त्यो पनि सडकमा उठेको जनदबाबलाई मत्थर पार्न सरकारले बाध्य भएर गरेको काम मात्र हो । सरकार आफैले जिम्मेवारीबोध गरी अतिक्रमित भूमि फिर्ता गराउन ठोस कदम चाल्नेमा जनता र सरोकारवाला कुनै पनि पक्ष विश्वस्त हुन सकेका छैनन् । तसर्थ, सबैको एउटै निष्कर्ष देखिन्छ : उच्चस्तरीय कुटनीतिक तथा राजनीतिक पहलका लागि सरकारलाई बाध्य पार्न सडकमा सशक्त र वृहद् आन्दोलनको सृष्टि गर्नु पर्दछ र त्यसो गर्दा पनि नेपाली भूमि फिर्ता हुने स्थिति नभए तत्काल यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गरी अन्तर्राष्ट्रिय अदालतमा जानु पर्दछ । यसका साथै, सडकमा अहिले यो पनि बहस सुरु भएको छ कि जनता र नेपाली सुरक्षाकर्मी (सेना, प्रहरी, सशस्त्र प्रहरी समेत)को बल र पहलमा नेपाली भूमि मिचेर बसेका भारतीयहरूलाई लखेट्नु पर्छ र आवश्यक परे विस्तारवादी हस्तक्षेपका विरुद्ध राष्ट्रिय प्रतिरोध युद्ध लड्न पनि तयार हुनु पर्दछ ।

राष्ट्रिय प्रतिरोध युद्ध भनेको अन्तिम विकल्प हो । 'मरता तो क्या नइ करता'को स्थितिमा नेपाली जनतासँग राष्ट्रिय प्रतिरोध युद्ध लड्नुको विकल्प रहने छैन । तर तत्काल सिंगो देश पहिलो विकल्पमा जान जरुरी छ । ओली सरकार निकै ठूलो आन्दोलनको दबावविना भारतसँग उच्चस्तरीय वार्ता गर्न तयार हुने देखिएको छैन । यसर्थ, अहिले अलग-अलग रूपमा जारी राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई जोडेर वृहत् आन्दोलन निर्माण गर्नमा जोड दिन आवश्यक छ । त्यसका लागि नागरिक स्तरबाट गठन गरिएको 'सीमा बचाउँ अभियान', क्रान्तिकारी माओवादी तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालद्वारा जारी आन्दोलन, अन्य वामघटकहरूले सञ्चालन गरेका आन्दोलन लगायत सडकमा उत्रिएर राष्ट्रिय स्वाधीनताको पक्षमा प्रदर्शन गरिरहेका सबैलाई एकठाउँमा ल्याई वृहत् राष्ट्रिय स्वाधीनता आन्दोलनको निर्माणका निम्ति सबैले सबैतिरबाट पहलकदमी बढाउन जरुरी छ । खासगरी यसको पहल र नेतृत्व सच्चा देशभक्त र क्रान्तिकारीहरूले गर्न जरुरी छ । त्यसका लागि मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र सीपी गजुरेल नेतृत्वको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले पहल र नेतृत्व लिन जरुरी देखिन्छ । अहिले जुन विषयलाई लिएर देशव्यापी रूपमा राष्ट्रिय स्वाधीनता आन्दोलन उठिरहेको छ, क्रान्तिकारी माओवादी तथा देजमोले करिब डेढबर्षअघि देखि नै यसै विषयलाई लिएर देशव्यापी रूपमा आन्दोलन गर्दै आएको थियो । यसर्थ पनि यस विषयमा क्रान्तिकारी माओवादी र देजमो, नेपालको दायित्व, अधिकार र सम्भावना अन्तर्निर्हित रहेको छ ।

राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता गम्भीर संकटमा रहेको यो बेला नेपाली समाजका सबै क्षेत्रका, सबै समुदायका मानिसहरू एकढिक्का भएर देश बचाउने अभियानमा जुट्नु पर्दछ । यो बेला नेपालको लागि एउटा ऐतिहासिक अवसर प्राप्त भएको छ-भारतीय विस्तारवादले अतिक्रमण गरेको भूमि फिर्ता गर्ने । यो अवसरलाई पहिचान गरी सिंगो राष्ट्र एकताबद्ध हुने बेला हो यो । सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारी शक्तिहरू पनि ऐतिहासिक रूपले एकताबद्ध हुने बेला हो यो । यो ऐतिहासिक दायित्व निर्वाहका लागि राष्ट्रिय स्वाधीनताको पक्षमा मत जाहेर गरिरहेका सबै एकढिक्का हुनु पर्दछ । अन्यथा, उद्देश्य एउटै हुने तर आन्दोलन चाहि टुक्रा टुक्रामा अलग-अलग रूपमा भइरहने हो भने त्यसको केही अर्थ रहने छैन । र, राष्ट्रिय स्वाधीनताको क्षेत्रमा त्यसले कुनै योगदान पनि गर्न सक्ने छैन । त्यो केवल सम्बन्धित पक्ष आत्मरतिमा रमाउने भन्दा अरु केही हुने छैन । तसर्थ, बेलैमा विभिन्न नाम र रूपका जारी राष्ट्रिय स्वाधीनताका आन्दोलनलाई जोडेर वृहद् राष्ट्रिय स्वाधीनता आन्दोलनको विकास गर्न जरुरी छ । सम्बन्धित सबैलाई चेतना भया ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# उप–निर्वाचन एक विवेचना

● अटल ●

आफ्नो व्यवस्था आफ्नो निर्वाचन /जस्को नीति उस्को नेतृत्व यो सबै व्यवस्थाको आम नियम, सिद्धान्त र अनुशासन हो । जन्मको आधारमा सर्वश्रेष्ठ हुने सामन्ती नियमावलीभन्दा यो अलिकति प्रगतिशील कुरा हो । तुलना ठिक हो तर तुलनावाद गलत हो । प्रतिक्रियावादी व्यवस्थाभित्र तुलना गरेर योभन्दा यो राम्रो भनेर तुलना गर्दै जाने हो भने व्यवस्थाभित्रको फ्रेम (चौघेरा) भन्दा कहिल्यै बहिर जान सकिँदैन । संसदीय व्यवस्थाका १६ वटा विशेषतालाई आफ्नो आदर्श मान्ने एमाले आखिरमा संसदीय व्यवस्थालाई आफ्नो सिद्धान्त मान्न पुग्यो । संसदीय व्यवस्था मान्नको लागि कम्युनिष्ट भइरहनु पर्दैन । संसदीय व्यवस्थाको जननी बेलायत हो अन्तर्राष्ट्रियरूपमा भने नेपालमा नेपाली काङ्ग्रेस हो । काङ्ग्रेसको व्यवस्थामा गएर काङ्ग्रेसकै सरकार खोसेर सरकार चलाइरहँदा काङ्ग्रेस रुञ्चे हाँसो हास्दै हाम्रो व्यवस्थामा आएकोले सैद्धान्तिक रूपमा हाम्रो विजय भयो भन्न त छाड्दैन तर डबल नेकपाले सरकार खोसेकोले शासन सत्तामा जान नपाउँदा पुष १५को लामो रातमा सानो फिष्टो चरो भोकले रातमा तिनपल्ट मुर्छा पर्छ रे भन्ने नेपाली उखान अनुसार नेपाली काङ्ग्रेस मुर्छा परेको छ । निर्वाचन सम्बन्धमा मालेमावादी दृष्टिकोण स्पष्ट छ । जब जनतामा भ्रम रहन्छ तब तिमी त्यँहि भित्र गएर त्यस्को भण्डाफोर गर्नुपर्छ । प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर भित्रि आरा प्रणाली अनुसार भित्रै गएर चिर्नु पर्छ । लेनिनको भाषामा "सुङ्गुरको खोरमा नाक थुनेर भित्रै गएर यहाँ गन्हाउँछ तिमीहरू नआउ "भनेर जनतालाई भन्नु पर्छ । "जब व्यवस्था नाङ्गिन्छ बाहिरबाटै आराले चिर्नुपर्छ र व्यवस्थारूपी रुखलाई ढाल्नुपर्छ । " यो कार्यनीतिलाई ठिकसङ्ग प्रयोग नगर्दा नेपालका कैयौं पार्टिहरू फेल खाएका छन् । उदाहरणको लागि ०४६ सालमा ३० वर्षको पञ्चायत ढलेपछि जनतामा अब चमत्कार हुने भयो भन्ने आश र भ्रम थियो । त्यतिखेर नेकपा (मसाल) ले बहिष्कार गर्‍यो । बाग्लुङ, प्युठान, अर्घाखाँचीजस्ता जिल्लामा राम्रै बहिष्कार पनि भयो तर जनताहरू आमरूपमा परिवर्तनको आकाङ्क्षा लिएर भोट हाल्न गए मसालले जनताबाट आफु अलग्गिएको महसुस गर्‍यो र त्यस्को १ वर्ष नबित्दै स्थानीय चुनावमा मसाल भाग लिन गयो । "ठूलो सुङ्गुर हुँदा जात जाने सानो सुङ्गुर हुँदा जात नजाने ? भनेर त्यतिखेर एउटा उखान नै बन्यो । ०४८ सालमा बहिष्कारले सातो गएको (मसाल) अहिलेसम्म बौरिएको छैन र बहिष्कारको 'ब' पनि उच्चारण गर्दैन, चुनाव आएपछि चाडबाड आएजस्तै गरेर नाक, मुख, कान थुनेर फोहार पानीमा (मसाल) पौडी खेल्न हाम् फालिहाल्छ चाहे गठबन्धन गर्दा समेत १सिटमै किन सिमित हुन नपरोस् । चुनाव हिजो पञ्चायतकालमा पनि हुन्थ्यो, भोलि नयाँजनवाद र समाजवादमा पनि हुन्छ । आफ्नो नीति जनतामा लागु गर्न योग्य प्रतिनिधि छान्न सबै व्यवस्थामा चुनाव हुन्छ । फरक यत्ति हो कस्तो चुनावमा उपयोग गर्ने कस्तो चुनावमा बहिष्कार गर्ने परिस्थितिमा निर्भर रहन्छ । मार्क्सले कम्युनिष्टहरू आफ्नो उद्देश्य लुकाउनुलाई घृणा ठान्दछन् भनेर कम्युनिष्ट घोषणापत्रमा भन्नु भएको छ ।

प्रतिक्रियावादीहरूले आफ्नो उद्देश्य लुकाएर जनतालाई उल्लु बनाउँदछन् । उनीहरू "निर्वाचनमा सबैले भाग लिन पाउँछन्"भनेर भन्छन् । तर निर्वाचन कानुन बनाउँदा साहुको दामासाहीमा परेको टाट पल्टेको मानिसले चुनावमा उठ्न पाउँदैन भनेर लेख्छन् । आर्थिकरूपमा टाट पल्टेको मानिसहरू के मजदुरहरू होइनन् । अनि मजदुरहरूले प्रतिक्रियावादी व्यवस्थामा भाग लिन सक्छन् ? चुनावमा उठ्न मात्रै दशहजार धरौटी राख्नुपर्छ, किसान र मजदुरले दशहजार धरौटी राख्न नै सक्तैनन् । वर्गीय समाजमा सबै कुरा वर्गीय हुन्छ । नयाँ जनवादमा सर्वहारा वर्गको नेतृत्वमा किसान मजदुरको एकतामा जनताको जनवादी अधिनायकत्व लागु हुन्छ । ९५% किसान र मजदुरले पाँच प्रतिशत दलाल, नोकरशाही तथा सामन्तवर्गमाथि अधिनायकत्व लागु गर्छन् र त्यो वर्गलाई चुनावमा उठ्न पनि दिँदैनन् । समाजवादी व्यवस्थामा मजदुवर्गले त्यसै गर्छन् र वुर्जुवा पुजिपतिवर्गमाथि अधिनायकत्व लागु गर्छन् । प्रतिक्रियावादी व्यवस्थामा सबैले भाग लिन पाउँछन् भनेर जनतालाई ढाँटिन्छ, उद्देश्य लुकाइन्छ तर करोडपति वाहेक अरुले चुनावमा चिआउन पनि सक्तैनन् । "आकासको फल आँखा तरी मर" भने जस्तै २०४८ सालको चुनाव जस्तै २०७४को चुनाव पनि एउटा टर्निङ् प्वाइण्ट् थियो । स्थायीत्व, समृद्धि र विकासको ढोल पिटिएको थियो भलै कम्युनिष्ट भनाउँदाहरूको शब्द सङ्ग्रहमा समानताको 'स' पनि थिएन र छैन । जनतालाई ने.क.पा. (क्रान्तिकारी माओवादी) ले त्यँहिभित्र गएर भण्डाफोर गर्ने नीति लियो । यो व्यवस्था सुधारिएको संसदीय व्यवस्था हो । संविधानको धारा ७४ मा यो "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्था हो "। भनेर लेखिएको छ भनेर चुनावी सभामा भण्डाफोर गरियो ।

त्यतिखेर विप्लव नेतृत्वको ने.क.पा. लाई प्रतिवन्ध लगाइएको थिएन तर उनीहरूलाई सामाजिक फासिवादी सरकारले शान्तिपूर्ण सभा गर्न समेत दिएन । त्यहि कुरा जनतालाई भन्न पाएनन् । ओली प्रचण्डको स्थायीत्व, समृद्धि र विकासको नारा २ वर्षमै हावा खायो , जनतामा व्यापक असन्तुष्टि बढ्यो । ८१ जना जन–प्रतिनिधि भनाउँदाहरू फौजदारी अभियोगमा मुछिए । चरम निराशा, आक्रोश, घृणा व्याप्त छ । नाकावन्दीमा ३३% तेल चिनबाट ल्याउने समझदारीलाई तुहाउन १५ वर्ष सम्म चिनबाट तेल किन्न नपाउँने गोप्य सम्झौता गरेर कहिल्यै समयमा काम नसक्ने भारतले समयभन्दा अगाडि नै पाइपलाइन विच्छ्याएर नेपाल आयल निगमलाई आफ्नो एकाधिकारभित्र हालिसकेको छ । प्रशोधित तेलमात्र नेपाललाई दिएर त्योभन्दा तलका ४–५ किसिमका उप-उत्पादन (प्लाष्टिक, मैनबत्ति, अलकत्रालगायत) सबै आफैंले लिने र सम्पूर्ण प्रशोधित खर्च नेपालसङ्ग लिने काम गरेको छ । घर-घरमा ग्याँस पाइप, चाइनाबाट रेल, समुन्द्रमा पानीजाहाज यी सबै एकादेशका कथामा परिणत भएका छन् र अहिले ओलीले यसो गर्छु उसो गर्छुभन्दा "खुट्टी देख्दै पत्याइयो"भन्न थालेका छन् नेपाली जनताले । यस्तो अवस्थामा अब बाहिरबाट भण्डाफोर गर्ने नीतिवादी वैज्ञानिक र वस्तुवादी हुने हुँदा ने.क.पा. (क्रान्तिकारी) माओवादीले यो कथित उप-निर्वाचन बहिष्कार गर्ने नीति लिएको छ । प्रचार सामाग्री वितरण गरेर र निर्वाचन हुने क्षेत्रमा गएर संविधानले दिएको अधिकार प्रयोग गरेर शान्तिपूर्ण बहिष्कार सभामार्फत बहिष्कार कार्यक्रम अगाडि बढाएको छ । मुखले समाजवाद, व्यवहारमा फासिवाद, जसलाई सामाजिक फासिवाद भनिन्छ । लेनिनले उहिल्यै यस्को भण्डाफोर गर्नु भएको थियो । नेपालमा यो फेरि देखापरेको छ । शान्तिपूर्णरूपमा बहिष्कार सभा गर्दा धरान, सल्यान, दाङ, भक्तपुर, रामेछापमा पार्टीका केन्द्रीय सदस्य, दे.ज.मो. का केन्द्रीय सदस्यदेखि समर्थक, शुभचिन्तक जनतासम्मलाई गिरफ्तार गरे जेल हाल्ने झुट्टा मुद्दा लगाउने काम गरिएको छ । पार्टीका केन्द्रीयसदस्य दिपक बहादुर शाही र चक्रपाणि शर्मालाई हत्कडी लगाइएको छ । जुन कुरा राजवन्दीलाई पञ्चायतकालमा पनि लगाइदैन थियो ।

यो सरकार कति आतङ्कित छ सामान्य विरोध पनि सुन्न सक्तैन । शान्तिपूर्णरूपमा जम्मा हुँन पाउने, सभा, जुलुस गर्न पाउने अधिकारलाई पनि खोसिएको छ । २१औं शताब्दीका जनता यत्ति सचेत छन् कि ? पञ्चायत नाङ्गिन ३० वर्ष लाग्यो, संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्था १५ वर्षमैं ढल्यो । नयाँजनवादी व्यवस्थाको लागि उठेको क्रान्तिकारी लहरलाई क्रान्तिकै वाहक भनाउँदाहरूले संसदीय व्यवस्थाभित्रै कैद गर्न असफल प्रयास गरेका छन् । त्यस्को विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा व्यापक भण्डाफोर भइरहेको छ । एकका विरोधमा ९९को उभार उठ्दैछ । पुजिवादी अर्थशास्त्रीहरू अत्तालिएका छन् । यस्तो वेलाको उप-निर्वाचनले जनतामा कुनै उत्साह र आश दिन सकेको छैन । वर्तमान प्रतिक्रियावादी राज्यसत्ताका सञ्चालकलाई त्रासमात्र दिएको छ । जित्दा दुइ तिहाइको सरकारलाई केहि फरक पर्दैन हार्दा लौ सरकारको जनमत गुम्यो मध्यावधि चुनाव गर भनेर विपक्षीले माग गर्ने खतरा बढ्ने भएकोले सम्पूर्ण राज्यशक्तिको दुरूपयोग गरेर चुनावी हथकण्डा प्रयोग गरिएको छ । वाग्लुङ्मा आफ्नै उम्मेदवारलाई अपहरणको शैलीमा वुर्तिवाङ्बाट सदरमुकाम वाग्लुङ्बजार हेलिकोप्टरमा ल्याउँदा ल्याउँदै समय सकिँदा शेरमान घर्तिलाई आतङ्कित बनाएर बक्तव्य जारी गर्न लगाएर जवर्जस्ती रा.ज.मो उम्मेदवार खेम विक्रम शाहीलाई गिलासमा समर्थन गर्न लगाइएको छ । आफ्नै असन्तुष्ट पूर्व उम्मेदवार पार्टीका जिल्ला सदस्य तुलसी अर्याल र चन्द्रलाल अर्याललाई पार्टीबाट निष्कासन गरिएको छ । यसप्रकार आफ्नो अस्तित्व जोगाउन परिणामले कुनै फरक नपार्ने निर्वाचनमा राज्य सत्ताको चरम दुरूपयोग गरेर करोडौं रूपैंयाँको खोलो बगाइएको छ । सिटामोल खान नपाउने जनतलाई खिसि ट्यूरि गर्दै "कोइ त भने जहाजमा हरर कोइ त भने पसिना तरर" हाम्रो नेपालमा । भन्ने उखान चरितार्थ गर्दै हवाइजहाज जाने ठाउँमा जहाजबाट नजाने ठाउँमा हेलिकोप्टर रिजर्ब गरेर सत्ताधारी र पुजिवादी पार्टीका विपक्षी नेताहरूले वार्डसम्म गएर चुनावमा गुलछर्रा उडाएका छन् । परिणाममा फरक नपार्ने यस किसिमको निर्वाचनलाई जनताले तिरस्कार गरेर रोबर्ट ओबेनको काल्पनिक समाजवाद होइन हाम्रो जस्तो अर्धसामन्ती र नव-औपनिवेशिक देशमा सामन्तवाद र साम्राज्यवाद (हाम्रो सन्दर्भमा भारतीय विस्तारवाद) को विरोध गरेर नेपालमा नयाँजनवादी क्रान्तिलाई अगाडि बढाउनु आजको आवश्यकता हो । खुसीको कुरा हो कि ? यो व्यवस्थाको विकल्पमा नयाँजनवादी व्यवस्थाका पक्षधरहरू प्रायः सबैले यो निर्वाचन बहिष्कार गरेका छन् । जस्तै ने.क.पा.(क्रान्तिकारी माओवादी), दे.ज.मो. नेपाल, ने.क.पा. (विप्लव समूह), ने.क.पा.(माओवादी केन्द्र), ने.क.पा. (ऋषि कट्टेल समूह) आदिले । जुन जोगी आएपनि कानै चिरेका भने भैँ राष्ट्रियताको नारा दिएर दुई तिहाइको सरकार बनाएको यो सरकारले यस्तो अभूतपूर्व राष्ट्रिय सहमति पाउँदा पनि कानमा तेल हालेर सिमानाको समस्या हल गर्ने मौका आउँदा पनि चुप लागेर बस्नेले आगामी दिनमा कस्तो खालको चुनौतीको सामना गर्नुपर्ने हो ? सजिलै अनुमान लगाउन सकिन्छ । आँधी आउँनुभन्दा अगाडिको ठूलो सन्नाटा हो वर्तमान अवस्था । *२०७६ मार्ग १२*

# सुदूरपश्चिम प्रदेशका जिल्लाहरूमा उपनिर्वाचन बहिस्कारका कार्यक्रम सम्पन्न

## अतिक्रमित भूमि फिर्ताको माग गर्दै कञ्चनपुर सिडिओमार्फत् प्रधानमन्त्रीलाई ज्ञापन पत्र





● धनञ्जय अवस्थी

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी) तथा सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको आयोजनामा सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा उपनिर्वाचन सम्बन्धी विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । प्राप्त जानकारी अनुसार प्रदेश अन्तर्गतमा बैतडी, अछाम, डोटी र कञ्चनपुरमा उपनिर्वाचन बहिस्कारसम्बन्धी कार्यक्रम सम्पन्न भएका हुन् । बहिस्कार अन्दोलनको क्रममा ती जिल्लाहरूमा भित्ते लेखन, कोणसभा र पर्चा वितरण लगायतका कामहरू सम्पन्न भएका छन् ।

प्रहरी प्रशासनको हस्तक्षेप तथा दमनका बाबजुद पनि उपनिर्वाचन बहिष्कारका कार्यक्रम सम्पन्न गरेको पार्टीका प्रदेश इन्चार्ज अनुकूलले जानकारी दिए ।

इन्चार्ज अनुकूलले कञ्चनपुरको पुनर्वास नपाको वडा नं. ३ मा उपनिर्वाचन बहिस्कार सभाको आयोजना गरिए पनि प्रहरी हस्तक्षेपका कारण बहिस्कार सभा हुन नसकेको र कोणसभा मात्र गरिएको बताए । शान्तिपूर्ण रूपमा विरोधका कार्यक्रम गर्न पाउने नैसर्गिक अधिकार भए पनि शान्तिपूर्ण कार्यक्रममा समेत प्रहरीले हस्तक्षेप गरेर सरकारले फासिवादी चरित्र प्रदर्शन गरेको नेता अनुकूलले बताए ।

यसैबीच, क्रान्तिकारी माओवादी कञ्चनपुरले भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमि फिर्ताको माग गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ । पार्टीका केस विक्रान्तको विशेष उपस्थितिमा जिल्ला पार्टी सेक्रेटरी शित्तलको नेतृत्वमा गएको एक टोलीले ज्ञापन पत्र बुझाएको थियो । ज्ञापन पत्रमा कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायत भारतीय विस्तारवादले अतिक्रमण गरेका सम्पूर्ण नेपाली भूमि फिर्ता गराउन तत्काल कुटनीतिक पहल थाल्न माग गर्दै त्यसो नगरिए जनताका साथ लिएर सशक्त संघर्षमा उत्रने चेतावानी दिइएको छ ।

# वर्तमान समस्याको जड नै सत्तासीनहरूको सत्तालिप्सा



पुष्प गोपाल श्रेष्ठ

आफ्नै मुलुकभित्र रहेर पनि अरुको दास-दासी (पराय) बनी जिउन बाध्य जीवन भोगी आएका ती भारतीयहरू विशेषतः भारतीय विस्तारवादी शासक गूटहरूको सोच र प्रवृत्ति भनेकै धाँत, छल र लुट खसोत रही आएका छन् । यस्तो सोच र प्रवृत्ति आफै छुट्न पनि छुट्दैन र सहज रूपले छुटाउन खोजेर छुटाउन पनि सकिन्न । "नानीदेखि लागेको बानी, मरे पछि मात्र छुट्छ" भने जस्तै, ती भारतीय विस्तारवादी र त्यसका मतियारहरूको हेपा र मिचाहा प्रवृत्ति यो आज अहिले भरखरै मात्र उब्जेको होइन । तात्कालिन बृटिस साम्राज्यवाद (इष्ट इण्डिया) को चंगुलबाट सन् १९४७ सालमा आएर आफु मुक्त (स्वतन्त्र) भए लगतैदेखि आफ्ना छिमेकी देशहरूमाथि गिद्धेदृष्टि गाड्दै हेपा र मिचाहा प्रवृत्तिलाई अख्त्यार गरी थिचो-मिचो र हस्तक्षेप कार्य अपनाउँदै आएका छन् ।

विस्तारवादी भारतीय र त्यसका मतियारहरूको बलमिचाईले, यो हाम्रो प्राण भन्दा प्यारो देश नेपालको स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न, भू-अखण्ड राष्ट्रको साँध सीमा हडपेर भारतीय विस्तारवादका वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय सरकारले हालै प्रकाशित आफ्नो नयाँ भारतीय नक्सामा लिम्पिधुरा क्षेत्रभित्रका कालापानी र लिपुलेकलाई उक्त नक्साभित्र समाहित गरी जारी गरेको विरोधमा, नेकपा (क्रान्तिकारी माओवादी) को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल लगायत देशका अन्य राजनीतिक दलहरू र त्यस्का भातृ संगठनहरू तथा देशभक्त स्वाभिमानी आम जनता सडकमा उत्रेर विरोधका चर्को स्वर गुञ्जायमान भएपछि बल्ल निन्द्राबाट ब्यूभेभैं गरी नेपालका परराष्ट्र मन्त्रालयले मौनता भङ्ग गरेर भन्यो ती भूभाग नेपाल कै हो । वास्तवमा भन्नुपर्दा परराष्ट्र मन्त्रालयको यति वाक्य फुट्न पनि धौ धौ ।

वर्तमानमा चुलिएको यो मुख्य मतभेद महाकाली नदीको मुहानको सन्दर्भ हो । सुगौली सन्धिले सीमा मानेको कालीनदीको मुहान लिम्पियाधुरा हो । यदी लिम्पियाधुरा भारतीय विस्तारवादले आफ्नो भनी दावी गर्ने हो भने, भारतले सर्वप्रथम सुगौली सन्धि मान्दिन भन्न सक्नु पर्‍यो, त्यो हिम्मत छ भारतीय विस्तारवादीसँग ? छ भने कुमाउ, गढवाल नेपाललाई फिर्ता गर्नु पर्‍यो, किनभने सन् १८१६ अघि कुमाउ-गढवाल पनि नेपालकै थियो । १८१६ मा सुगौली सन्धि हुँदा, उक्त सन्धिपत्रमा नेपालका राजाले महाकाली देखि पश्चिमको भूभागमा दावी गर्ने छैनन् भनिएको छ । त्यस अनुसार महाकाली पश्चिमका कुमाउ-गढवाल भारतमा पर्न गएको हो । यदी भारतले सुगौली सन्धि नमान्ने नै हो भने कुमाउ, गढवाल नेपाललाई फिर्ता दिनुपर्‍यो होइनभने, सुगौली सन्धि हुनु अघि नेपालको साँध-सीमा कहाँसम्म हो भन्ने ऐतिहासिक तथ्यको आधारमा हामीले खोजीनीति गर्नु जरुरी हुन आउँछ र गर्नुपर्छ ।

भारतीय विस्तारवादको हेपा र मिचाहा प्रवृत्तिलाई उदाङ्ग पार्न हामीसँग विश्वसनीय अरु परिपत्र अहिले पनि हामीसित सुरक्षित छ । अर्थात कुमाउ-अल्मोडाका गभरनरहरूले महाकाली पूर्वका - गुन्जी, कुती, गर्ब्याङका जनतालाई चिठ्ठी लेखेर तिमीहरू नेपाली हौ, त्यो क्षेत्र हाम्रो होइन, आफ्नै देशमा गएर करतिर भनेका छन् । उनीहरूले नेपालमै गएर तिरो तिर्नु भनेर चिठ्ठी लेख्ने अधिकारीहरू भारत सरकारका गभरनरहरू हुन् । त्यो चिठ्ठी-पत्र मात्र होइन, गुन्जीका गुरुङ्गहरूले राष्ट्रिय पञ्चायतको चुनाव जितेर त्यस क्षेत्रमा शासन पनि गरेका छन् । ०१९ साल अघि दार्जुला र बैतडी एउटा तथा डोटी र डडेल्धुरा अर्को जिल्ला थियो । हरेक प्रमाणले नेपाल नै हो भन्ने सावित रहिआएको भूमिमा जवरजस्ती फौज राख्दैमा कसरी भारतको हुन्छ ।

लिम्पियाधुराको पूर्ण क्षेत्रको जनगणना १९६८, १९७७, १९८७, १९९८, २००९/११ र २०१८ सालमा गरी ६/६ पटक निर्विवाद रूपले सम्पन्न भए गरेका थिए । यदी त्यस क्षेत्रमा अहिले भारतले गरेको हस्तक्षेप र आक्रमण, आक्रामण होइन भने त्यतिखेरनेपालले त्यस क्षेत्रको जनगणना गरी रहँदा भारतले किन विरोध गर्न सकेन ? आफ्नो देशको साँध सीमामा विरानो आई खुल्लैयाम जनगणना गर्दा पनि केही नभएभैं सन्चोमानी बस्न त्यतिखेर भारतलाई कस्ले बाध्य पार्न आएका थिए, के यसको जवाफ छ आतताई भारतसँग ? होइन भने अर्काको सार्वभौमसत्ता माथि यसरी नाङ्गो हस्तक्षेप र आक्रमणलाई, देशका कुनै पनि स्वाभिमानी नेपालका नेपालीहरूले हात मूख बाँडेर गुमसुम भई बस्न सक्दैन र बस्ने कुरो पनि होइन ।

निरीह सत्तासीनहरूको पृष्ठभूमिमा टेकेर जम्मु काश्मिर खाएर त केही भएन भन्ने सोचले नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक निल्ने दुःसाहस गर्नु भारतकै निम्ति महंगी पर्न जाने कुरा निश्चित छ । किनभने जिउँदो जाग्दो स्वाभिमानी नेपाली जनसमुदाय आफ्नो प्राणभन्दा प्यारो देश नेपालको राष्ट्रिय सार्वभौमसत्ताको निम्ति मरि-मेट्न तयार छ भन्ने संकेत अहिले देखाई नै सकेको छ ।

नेपालका सत्तासिनहरूको, राष्ट्रिय स्वाधिनताप्रति उदासिनता, गैरजिम्मेवार र निरीहपनबाट उब्जेको कमी-कमजोरीलाई आफ्नो दुनो सोभ्ह्याउने उदगम् थलो सम्भी १९४७ मा भारतीय इष्ट इण्डियाको दासताबाट आफु मुक्त हुनुको लगतै भारतीय विस्तारवादले नेपालमाथि प्रत्यक्ष रूपले हस्तक्षेप गर्दै आएका हुन् । यसै क्रममा शारदा ब्यारेज भत्केको अवस्थामा आफ्नो ठूलो भूमिमा सिंचाई ठप्प हुने र अर्थतन्त्र धरासायी हुने दरले, आफुखुसी टनकपुर बाँध बनाएर नेपालको महाकाली नदीबाट आफुतिर पानी लाने बाँध बनाउन १९८१ मा सर्भे गरेको भारतले १९८३ बाट बनाउन शुरुगरी १९९१ सम्ममा तयार गरेको थियो । यसबारे नेपाल-भारतबीच कुनै औपचारिक पत्र आदान-प्रदान वा सहमति भएको थिएन । तर, बाँध भन्दा नेपाल तर्फ होचो भएकाले आफुतिर पानी लान अप्ठ्यारो भएपछि मात्र नेपाली शासकवर्गलाई फकाई फुल्याई १९९१ मै आफु अनुकूल भारत-नेपाल बीच टनकपुर सन्धि गरे । त्यसताका नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए ।

> भारतसित राम्रो सम्बन्ध भएको दावी गर्ने प्रधानमन्त्री ओलिले, ती नै भारतीय विस्तारवादले नेपालको सार्वभौमसत्ता माथि यसरी प्रत्यक्ष हस्तक्षेप र आक्रमण गर्न आइपुगी सक्दा पनि आफ्ना समकक्षी भारतीय प्रधानमन्त्री मोदीलाई फोनमा सम्पर्क गरी तत्काल भारतीय सरकारका गलत रवैया प्रति विरोध जनाउन छोडेर, राष्ट्रिय सहमति जुटाउनुको नाउँमा त्यो पनि संसदभित्रका दलहरू र भूपु प्रधानमन्त्री तथा भूपु परराष्ट्रमन्त्रीहरूको मात्र जमघट गरी सर्वदलिय नाउँको बैठक आयोजना गरी, आफ्नो नालायकपन प्रदर्शन गर्न पुगेका थिए । सायद यसो गर्न पर्नुको कारण महाकाली नदीको पानीले घाँटी अँठ्याई दिएर पो हो कि ? होइन भने आफु यसरी पछी हट्न पर्नुको कारण के हुन सक्छ त ? यसो भन्नुको अर्थ फेरी राष्ट्रिय सहमति जुटाउनु गलत भनेको होइन । हो त प्रक्रिया उल्टो भयो भन्ने हो

यस्ता देशमारा कार्यविधिविरुद्ध राजनीतिक दल तथा देशभक्त स्वाभिमानी आमजनताको घोर विरोधका बाबजुद पनि सन् १९९६ मा आएर फेरी दिल्लीमा महाकाली सन्धि गरेरै छाडे । महाकाली सन्धि हुनु र गर्नुमा एमालेको पनि महत्वपूर्ण भूमिका रहेको छ । जस्मा त्यतिखेर वर्तमानको प्रधानमन्त्री केपि ओलीको प्रत्यक्ष र विशेष योगदान रहेको भलिभाँती देखिन्छ ।

महाकाली सन्धि नेपालको लागि भन अरु घाटक बनेको छ । किनभने यस सन्धिमा भारतले अत्यन्तै चतुर्‍याइपूर्ण तरिकाले काइते (रकमी) भाषा प्रयोग गरी "महाकाली नदीको अधिकांश भाग दुई मुलुक बीचको सीमा नदी भएको" भनी उल्लेख गरी नेपालको महाकाली नदीलाई नेपाल-भारतको साभा नदी हो भन्ने अर्थ दिनेगरी यो सन्धि भए गरेको छ । यस प्रकार नेपाल-भारतबीच भए गरेका जल-सम्प्रदाय सम्बन्धी सबै सन्धिले हरेक वर्ष भारतले हिउँद महिना भरी सोरपतर भने जस्तै गरी आफुतिर पानी लगेर, आफ्नो खेतबारी पुरै हराभरा पार्ने, नेपाल तर्फ भने सुक्खा, तर बर्षायाममा भने भारतले बाधका सबै ढोका बन्दगरी नेपालतिर पानी फर्काएर नेपालका मधेश तराईमा पुरै जनमग्न पारी, त्यहाँका जन-जीवन तवाह पार्ने दुष्कर्म गर्दै आइरहेका छन् ।

नेपालमा भएको २००७ सालको सम्भौतामा टुङ्गियको अधुरो जनक्रान्ति पछिका राजनैतिक गतिविधि र राजनैतिक घटनाक्रमलाई मात्र सच्चा देशभक्त र राष्ट्रवादी सोचले नियाल्दा, यथेष्ट रूपले देशको ऐतिहासिक घटनाक्रम छर्लिङ्गन आउँछ । २००७ सालमा भएको राजनैतिक परिवर्तनको नाउँमा, जन-प्रतिनिधीको रूपमा पहिलो प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले नेपाली सेनालाई प्रशिक्षण दिन भनी २००८ साल चैत्र २७ मा भारतीय सैनिक टोलीलाई निम्त्याएका थिए । त्यसै क्रममा चीन सिमातिर १८ ठाउँमा भारतीय सैनिक चेकपोष्ट राख्न दिए । त्यसैगरी उनले नेपाल-भारतबीच कोशी सम्भौताको नाउँमा असमान सन्धि सम्भौता गरी नेपालको जल-सम्प्रदा भारतीय विस्तारवादलाई हस्तान्तरण गर्ने शुरुको सृंखला थियो ।

त्यसैगरी २०१६ सालमा नेपाली काँग्रेसका जननेता प्रधानमन्धी विश्वेस्वरप्रसाद (विपि) कोइरालाले नेपाल-भारतबीच गण्डक सम्भौता गरेका थिए । जसमा सर्त के राखेका थिए भने नेपालले गण्डक उत्तर पूर्वका कतैपनि सिंचाई योजना बनाउने कुनै शब्दसम्म नपारिकन पुरै निरुत्साहित तरिकाले भारत तिर गण्डक नदीको पानीको प्रवाहमा एक थोपासम्म पनि घट्ने गरी नेपालले कुनै बाँध बनाउन पाइँदैन भन्ने जस्ता पछाडिबाट आवाज नआउने वित्तीय गोली हान्ने विस्तारवादी भारतको रणनीति सामू पुरै लम्पसार परी, यस्ता लम्पसारवादीहरूले यस प्रकारका अनेकौं असमान सन्धि सम्भौता गर्दै आएका छन् ।

प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको समयमा चीन सिमातिर १८ ठाउँमा भारतीय सैनिक चेकपोष्ट राखिएकोमा त्यसपछिका प्रधानमन्त्री भएका कीर्तिनिधी बिष्टले राजा महेन्द्रलाई अवगत गराई चेकपोष्ट हटाउनुको लगत्तै उनी राजा महेन्द्रद्धारा उनलाई प्रधानमन्त्रीबाट बखाष्त गरेका थिए ।

देशमा चुलिएको वर्तमान समस्या, चिन-भारतबीच सन् १९६२ मा सिमा विवादबाट उब्जेको दुई देशबीचको लडाईंमा चिनिया सैनिक फोर्स सामू भारतीय सैनिक तिन नसकी, हमारा फौज बहादुरीके साथ पिछेहत रहाहै भन्दै पछाडी हट्नु परेपछिको हस्तक्षेप हो र अतिक्रमण हो कालापानी । यसबारे त्यतिनै बेला परराष्ट्रमन्त्री ऋषिकेश शाह र पश्चिम कमाण्ड क्षेत्रका जर्नेलले राजा महेन्द्रलाई खबर गरेका रहेछन् । तर, महेन्द्रले अस्थायी रूपमा बसे बसुन भनी राष्ट्रिय स्वाधिनताप्रति गैर जिम्मेवार बनी, भारतले पञ्चायत व्यवस्थाको विरोध नगरुन भन्ने आसयले त्यसो भनेको देखिन्छ । तर त्यतिबेला परराष्ट्रमन्त्री र सेनाका जर्नेलले मात्रै चाहेर पनि केही हुनेवाला थिएन । राजाकै पहलकदमिको आवश्यक्ता थियो । वास्तवमा भन्नुपर्दा वर्तमानको यो समस्या त्यहाँबाट शुरु भएको गल्तिले अहिले ठूलो रूप लियो ।

संसदीय राजनीतिक नेताहरूले पनि भारतलाई रिभाउन आफ्नो भूमि र पानीको मूल्यमा चासो दिएनन् र अहिले पनि दिएका छैनन् । नेपाल-भारतबीच विभिन्न समयमा भए गरेका सन्धि सम्भौताहरूमा भारतीय विस्तारवादद्वारा धाँत, छलगरी उल्लेखित प्ररिमाणको पानी र भूमिसम्म पाए नपाएको चासो समेत यिनीहरूलाई छैन । संसदीय नेता र सत्तासिनहरूको निम्ति राष्ट्रिय स्वाधिनता भन्दा आफ्नो व्यक्तिगत स्वार्थ ठूलो हुनुको कारण देशमा आतताई भारतको यो अतिक्रमणको विरुद्ध सर्वत्र विरोध भइरहँदा कतिपय मानिसहरूले त यसलाई नौलो र नयाँ घट्ना बुभ्ने र ब्याख्या गर्दै गरेको पाइन्छ भने कतिले त यसलाई सधैं उत्तेजना हुने, छिमेकी बीच विषाद हुने, भारत विरोधी बिष नेपालीका मनमा घोलेर राजनीतिक लाभ कति लिने भन्ने गरेको समेत देख्न र सुन्नमा आएको छ । तर, नेपाल र नेपाल र नेपालीका लागि यो भारतीय अतिक्रमण नयाँ भने होइन र यसको विरोधमा उत्रनु राजनैतिक लाभ लिन र भारत विरोधी बिष नेपालीको मनमा घोल्ने भन्ने सोच त बिल्कुल गलत कुरा हुन् । यस्तो गलत सोच त खासमा देश द्रोहीहरूको दिल दिमागमा मात्र उब्जिने कुरा हुन् ।

भारतले अनाधिकार यसै सम्बन्धी नेपालको नक्कली नक्सा केही समय (वर्ष) अघि जारी गरेर नेपाल पठाएको थियो, कालापानी, लिपुलेक र लिम्पियाधुरा भारतमा गाभेको नक्सा, यो निकम्वा ओलि नेतृत्वको वर्तमान सरकारले सरकारका मन्त्रालयको भित्ता भित्तामा टाँसिने गरेको थियो जसको विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) को योजनामा देशभक्त जनगणतान्त्रिक मोर्चाले सडकमै उत्रेर चर्को विरोध गरेका थिए ।

भारतसित राम्रो सम्बन्ध भएको दावी गर्ने प्रधानमन्त्री ओलिले, ती नै भारतीय विस्तारवादले नेपालको सार्वभौमसत्ता माथि यसरी प्रत्यक्ष हस्तक्षेप र आक्रमण गर्न आइपुगी सक्दा पनि आफ्ना समकक्षी भारतीय प्रधानमन्त्री मोदीलाई फोनमा सम्पर्क गरी तत्काल भारतीय सरकारका गलत रवैया प्रति विरोध जनाउन छोडेर, राष्ट्रिय सहमति जुटाउनुको नाउँमा त्यो पनि संसदभित्रका दलहरू र भूपु प्रधानमन्त्री तथा भूपु परराष्ट्रमन्त्रीहरूको मात्र जमघट गरी सर्वदलिय नाउँको बैठक आयोजना गरी, आफ्नो नालायकपन प्रदर्शन गर्न पुगेका थिए । सायद यसो गर्न पर्नुको कारण महाकाली नदीको पानीले घाँटी अँठ्याई दिएर पो हो कि ? होइन भने आफु यसरी पछी हट्न पर्नुको कारण के हुन सक्छ त ? यसो भन्नुको अर्थ फेरी राष्ट्रिय सहमति जुटाउनु गलत भनेको होइन । हो त प्रक्रिया उल्टो भयो भन्ने हो ।

प्रधानमन्त्री ओलिले आयोजना गरेको सर्वदलिय वैठकमा उपस्थित नेता तथा भूपु प्रधानमन्त्री, परराष्ट्रमन्त्री तथा सचिव उपसचिवहरू मध्ये कतिपय व्यक्ति विशेषहरूले आफुबाट भए गरेका कमि-कमजोरी र गलत कामकुराले राष्ट्रलाई पिरलो (हानी नोक्सानी) हुने जस्ता गलत प्रक्रियालाई धाँकछोप गर्ने शुभ अवसरका रूपमा वैठकलाई प्रयोग गरेको छनक देखा नपरेको होइन । तर पनि वर्तमान समस्या समाधान गर्नुपर्छ भन्ने निस्कर्षका साथ, हामी सबै यो समस्या समाधान गर्न हरहमेसा तपाइको साथमा रहने छौं भनी वैठकमा एकमतले निर्णय गर्नु र हुनु उत्साहवर्द्धक कुरा हो । प्रधानमन्त्रीले, सर्वदलिय वैठकको यस महत्वपूर्ण निर्णयलाई पनि थाती राख्ने गरी, वर्तमान राष्ट्रिय समस्याका ऐतिहासिक सबुत प्रमाणहरू जुटाई भारत सरकारसँग कुरा गरी समस्या सुल्भाउने कुराले अर्को शंका उजागर गर्दै गरेको आभास दिन थालेका छन् ।

नेपाल-भारतबीचको सीमा विवादको सम्बन्धमा पटक पटक यस सम्बन्धका विज्ञ र भूपु परराष्ट्र सचिव तथा नेपाली (शाही) सेनाका जर्नेलहरू समिलित आयोग गठन गरी, उक्त आयोगहरूबाट सबुत प्रमाण सहित तयार पारी प्रतिवेदन विगतका सरकारहरूलाई बुभाएका थिए, भन्नाले त्यतिबेलाका सरकारहरू मध्ये केपि ओलिको नेतृत्वको सरकारका परराष्ट्रमन्त्री कमल थापाले बुभिलिएको भनी थापा स्वयम्ले बोलेको कुरा पत्र पत्रिकामा प्रकाशित खबरले के भल्काउँछ भने ती प्रतिवेदनहरू परराष्ट्र मन्त्रालयको दराजभित्र वा गृहमन्त्रालयको दराजभित्र अवश्य पनि सुरक्षित रहेकै होला, फेरी अर्को के कस्तो सबुत प्रमाणहरू जुटाउने भनेका हुन् ?

कतै यसो भनिरहनुको अर्थ विगतका सरकारहरूले राष्ट्रमा घटेका र आइपरेका विभिन्न समस्याहरूको बारेमा उठेका जन-उभारलाई मनथन गर्न तत्सम्बन्धी आयोग गठन गरी जन-उभार सामसुम्म हुँदै गएपछि आयोगबाट तयार पारी सरकारलाई बुभाएका प्रतिवेदनहरू सिंहदरवारको कुनै अँध्यारो कोठाभित्र एक कुनामा अर्थहित तरिकाले बेवारिसे स्थितिमा थन्क्याए जस्तै, सर्वदलिय वैठकको निर्णयलाई पनि हावामा उदाउन खोजेकात होइनन् भन्ने शंका उब्जाउनु अस्वभाविक होइन । तसर्थ देशका तमाम् जिम्मेवार क्रान्तिकारी पार्टी र सम्पूर्ण राजनैतिक दल तथा देशभक्त स्वाभिमानी आम जनताले क्रान्तिकारी सचेतता अपनाई भारतीय विस्तारवादीको यो आतताई क्रियाकलाप विरुद्ध क्रान्तिकारी प्रतिरोध आन्दोलनमा उत्रनु र समस्या समाधान नभएसम्म, यो चुनौतिपूर्ण समस्या समाधानको निमित्त जस्तोसुकै मुल्य चुकाउन पनि तयार भई प्रतिरोध आन्दोलनलाई निरन्तरता कायम राखी अगाडि बढ्नु आजको यो राष्ट्रिय आवश्यकता हो ।

*२०७६/८/१*

*ताहाचल, काठमाडौं*

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# मंसिर ८ व्यवस्था विरुद्ध बम अनि विसर्जन विरुद्ध बारुद बलेको दिन



● कमलराज रोकाया 'विपीन क्षेत्री●

आज मंसिर ८ मनै देखि नै भन्नु पर्ने दिन अथार्तता जनताको रक्षाका लागि लाल रक्षक कम्ब्याक्त फैलिएको दिन अझ भनौ हिजो समान्ती सत्ताको विरुद्ध बारुद र अवाज दलाल व्यवस्थाको विरुद्ध बम अनि विसर्जन बादका विरुद्ध विचारको सस्लेशन भएको ऐतिहासिक सन्दर्भ हो । आज नै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओबादी) को आयोजनामा जन सभाको आयोजना गरिएको छ । जन सभामा जगत हल्लाउने हिम्मत बोकेका साहासि जनता आउने छन यहि नजिक रहेर बहु चर्चित मंसिर ८ गतेको बारे जनमुक्ति सेना को गौरवमय एतिहासको केहि चर्चा लेखेका छौं ।

शंसोधनवाद विरुद्ध जहाज क्षेडेको क्रान्तिकारी माओबादी आन्दोलनले नेपालमा कम्युनिष्ट (क्रान्तिकारी माओवादी) हरूको नेतृत्वमा नेपाली सर्वहारा वर्गको आफ्नै सत्ताको स्वरूप दिन सफल रह्यो । वर्ग संघर्ष ले नया जनवादी राज्य सत्ताको स्थापना वर्ग विहिन समाजको परिकल्पना मानसपटलमा रहन सफल हुनाले जनयुद्ध सफलताको उच्चबिन्दु चुम्यो । पुरानो प्रतिकृयावादी राज्य सत्तालाई ध्वस्त पार्दै महान जनयुद्धको बाटोमा अघि बढ्दै भन्ने उद्घोषका साथ नेपालमा ससस्त्रबल प्रयोगको सिद्धान्त अख्तियार गर्दै तत्कालिन अवस्थामा देशमा शासन संचालन गर्दै आइरहेको राजतन्त्रात्मक संसधिय व्यवस्थाका विरुद्धमा औपचारिक रूपमा हतियार उठाएर जनयुद्धको थालनि भयो । पटक पटकका आन्दोलनले शासनका स्वरूप परिवर्तन गर्न नसकेको नेपालको राष्ट्रियता, जनतन्त्र, जनजिविकाका मुद्धाहरूमा कुनै परिवर्तन नभएको सन्दर्भमा निरंकुस राजतन्त्र र संसदिय व्यवस्थाले जनता र राष्ट्रको जिवनमा ल्याएको संकटको हल " बन्दुकमा तेकेको राज्य सत्ता बन्दुकले नै धंस" को निती अनुसार २०५२ साल फाल्गुन १ देखि देशै भरि एकै साथ हजारौ फौजि कारवाहीका साथ घोषणा गरियो । रोल्पाको होलेरी, रुकुमको आठ बीसकोट र सिन्धुलिगढी चौकीमा फौजी उच्च सफलता गोर्खाको कृषि विकास बैक कब्जा सहित समान्तको सम्पति सवतेज पर्चा, पम्पेलेट, सफाय लगायतका फौजी कार्वाहीबाट थालिएको सुरुवाती चरणले नै तत्कालिन शासक र नारयणहिटी दरवारमा भुकम्प गयो । माओवादी आन्दोलनलाई नजर अन्दाज गर्ने शासकहरूले राजनीतिक हल भन्दा उल्टो दमनको बाटो लिन पुगे र देशै भरी खासगरी रोल्पा, रुकुम, कालिकोट, जाजरकोट, सिन्धुली, रामेछाप, बर्दिया, बाँके, कैलाली, र गोर्खा यसको निसानापा परे । २०५२ फाल्गुन १४ गते विद्यार्थी दिल बहादुर राम्तेल को हत्या गरेर राज्य आतंक को सुरुवात भयो । राष्ट्रियता, जनतन्त्र र जनजिविकाका ४० सुत्रिय मागको वेवास्ता गरेको देउवा सरकारका लागि माओवादी अन्दोलनको सामना निकै चुनौती पूर्ण बन्यो "किलोशेरा टु रोमियो जंगल सर्च " जस्ता दर्जनौ अपरेशन मार्फत राज्य पुरै दमन धर्पकटमा उत्रियो । यस क्रममा जनता माथि सांघातिक हमला गरियो । दमनले क्रान्तिकारी माओवादी आन्दोलन भने झन स्पात सुद्धिढ, मजबुत र एकताबद्ध बन्दै गयो । क्रान्तिकारी माओवादी जनयुद्धलाई जनजातीहरू जाँड खाएर बौलाएको भनेर अर्थाउने देउवा सरकारका अगाडी नेपाली राजनीतिक ऐतिहासमा अप्रत्यासित घटना परिघटनाहरूको सामना गर्नु पर्ने परिस्थिती आइपुग्यो ।

*१. राजनितिक तथा बैचारिक*

माओले भने जस्तै "राजनीतिक कार्यदिशा सहि वा गलत हुनुले सबै कुराको निधोर हुन्छ " जनयुद्ध ऐतिहासको युगिन कार्यभार थियो । जसले सिंगो नेपाली जनताको जिवनमा कायापलाट गर्ने नया जनवादी सत्ता हुदै वैज्ञानिक समाजवाद जस्ता उत्कृष्ट शासन व्यवस्थाको स्थपनार्थ थालिएको यो आन्दोलनले अकल्पनिय सफलता चुम्दै गयो । २०५७ को दोस्रो राष्ट्रिय सम्मेलन मार्फत नेपाली क्रान्तिको मौलिक सस्लेशण गऱ्यो । यहा विषय वस्तुको हड्लाइन के थियो आज मुख्य बनाएर बहस चलाउने परिपाटी छ तर त्यसको खास पक्ष भनेको विचारमा श्रेष्ठता हाशिल गर्दै नेपाली क्रान्तिमा मैलिक नया आयामहरूका साथ जनमुक्ति सेनाको गठन नया सत्ताको औपचारिक अवधारण, राजनीति, सैद्धान्तिक मान्यताहरूको केन्द्रीय भागमा जनयुद्धको रणनीती सन्तुलनको चरण अन्त्य गर्दै प्रत्याक्रमणको विशेष चरणमा प्रवेश गर्ने मार्ग चित्र थियो संशोधनवादको दलदलमा फसेको नेपाली कम्युनिष्ट आन्दोलनको गर्भमा जन्मीएको माओवादी जनयुद्ध मालेमावादको विकास माओका योगदानहरूको बहुआयामिक सस्लेशण (माओवाद) नेपाली क्रान्तिको मार्ग चित्र कोर्दै बल प्रयोग द्धारा सर्वहारा वर्गको राज्य सत्ता कब्जा, सर्वहारा अधिनायकत्व जनताद्धारा अनुमोधित निर्वाचित नियन्त्रित र निर्देशित शासन व्यवस्थाको परिकल्पना गऱ्यो । यो बुर्जुवा तथा प्रतिक्रियावादीको लागि मात्रै नभइ खोलका कम्युनिष्ट संसदवादीहरू विरुद्धको राजनीतिक, वैचारिक, विजय पनि थियो । मालेमावादको सिद्धान्त अनुसरणको थेगो बेचेर कम्युनिष्ट चरित्रको व्यपारमा तल्लीनहरूका लागि एउटा बैचारिक एंव् सैद्धान्तिक हमला थियो । यो २०६३ सम्म आउदा दुनियाले देख्ने गरी साबित थयो ।

*२. संगठन तथा जनसरकारको उल्लासमय घोषणा*

नेपालमा पहिलो पटक जनताद्धारा आफ्नै सरकार घोषणा गरेको दिन मंसिर ८ जुन दिन देखि माओवादीले राखेका शान्तिपुर्ण राजनीतिक मागलाई समेत बेखबर बनेका नेपालका संसदवादी दल खासगरी कांग्रेसले आफ्नै जिवनकालमा आफ्नो राजनीतिकको चिहान खन्यो । सानो भुगागवाट सुरु गरिएको जनयुद्ध देशभर सबै तिर झांगियो देशै भरी व्यवस्थीत कमिति प्रणाली, पार्टी, सेना, जनसंगठन, लाखै संगठिट युवाहरूको सिंगो पंतीले देश माओवादीमय बन्यो । नेपालको ८० प्रतिशत भुभाग माओवादी नियन्त्रणमा रहयो र त्यहा नज सत्ताको संचालन गरियो । आफ्नै सेना, आफ्नै अदालत र सत्ता बनाएर आफ्नो हस्तक्षेप तथा विस्तार जारी राख्यो । देशै भरि गाउँ, जिल्ला, ७ वटा प्रादेशिक जनसरकारहरू वृहत जनसागर बिच घोषणा भए । जनता पुरानो सत्ता र अदालत होइन नया सत्ता र अदालतको काम प्रति विश्वास वन्दै गयो । स्थानिय जनसत्ताहरू निर्वाचनको माध्यम बाट निर्वाचित बने । नौ तहको पार्टी संरचना विभिन्न जनवर्गिय संगठन सात डिभिजन तहको सैन्य शक्ति र जन संगठनको केन्द्रिय भाग ने.क.पा. (माओवादी) बन्यो । प्रवास, युरोपमा पनि पार्टी विस्तार भयो । २०५८ मंसिर ८ गते केन्द्रिय जनपरिसद डा. बाबुराम भट्टराई (क. जित बिर) को नेतृत्वमा बन्यो । यसले नेपालमा वैकल्पीक सत्ताको मान्यता लिन सफल भयो । हजारौ जनता, जनसत्ताको वरिपरि गोलबन्द भए यस बिच पुरानो सत्तादारा लादिएका तथा कथित मध्यवर्ती तथा नगर निर्वाचन ध्वस्त नै भयो ।

*३. फौजी श्रेष्ठता*

स्थानिय तहमा मिलिसिया, स्क्वाएड तथा छापामार दलमा सिमित सैन्य संरचना मंसिर ८ कै दिन को औपचारीक घोषणा पछि जनमुक्ति सेनामा परिणत भयो । त्यसको सर्वोच्च कमाण्डर प्रचण्ड बने । हजारौ युवा युवतीहरू जनसेनामा भर्ती भए । नेपालमा पहिलो पटक सैन्य संगठनमा महिलाहरू भर्ती भएर फौजी मोर्चामा लडेको इतिहास कायम भयो । पासांङ्ग, बलदेव र प्रभाकर रहेको डेपुटी बन्यो । जनमुक्ति सेनाले मंसिर ८ गते राति दांङ्ग सदरमुकाम घोराही र स्याङ्जा सदरमुकाम पुतलीबजारमा एक साथ फौजी हमला सहित सैन्य प्रविधि र युद्ध मोर्चाको कुशल्तामा उच्च सफलता हाशिल गऱ्यो । यस भन्दा यता २०६३ सम्म सदरमुकामहरू ९ वटा, ३९ वटा चौकी, दर्जनौ कमाण्डो र ठुला साना दर्जनौ मोर्चा बन्दी लडाइहरू भएर जनमुक्ति सेनाले आफुलाई जनताको श्रेष्ठ सैन्य शक्ति सावित गरेरै छाड्यो । उता तत्कालीन शाही नेपाली सेना र उसले ल्याएको अमेरिकी सैन्य प्रविधि पूर्णत असफल भयो । रणनितिक प्रत्याक्रमणको पहिलो एवम् दोस्रो योजना सम्म आउदा जनमुक्ति सेना प्राविधि, जनशक्ति तथा उच्च मनोवलका साथ शहर, सदरमुकाम केन्द्रीत भयो । पुरानो सत्ता भनेको राजनीतिक हिसावले सदरमुकाम मात्र र प्राशासनिक सैन्य शक्ति पनि व्यरेग बाहिर निस्कने स्थिती बनेन ।

*४. बलिदानको उच्च कृतिमान*

जनयुद्धको क्रममा पार्टीको उच्च तहबाट बैकल्पीक पोलिट व्युरो सदस्य क. सुरेश वाग्ले, राम वृक्षक यादव लगायत हजारौको बलिदानको जगमा निर्मित जनमुक्ति सेना जनसरकारको औपचारिक घोषणा हुदै माओवादी आन्दोलन अगाडी बढेपछि २०५८ मंसिर ११ गते देउवा सरकारले संकतकालको घोषणा गऱ्यो । संकतकाल लगायत संगै जनता माथि बर्बर दमन सुरु भयो । माओवादी पाटी मात्र नभई बिचार र राजनीतिक आस्थाका आधारमा समर्थक, शुभचिन्तक सबैलाई आतंककारी घोषणा गरियो । रेड कर्नर नोटिच जारी गरियो र प्रचण्ड, बाबुराम लगायतका पार्टीका शिर्ष नेताहरूका टाउकाको मुल्य टोकियो । जनप्रिय पत्रकार कृष्णसेन को हत्या गरियो । केन्द्रिय सदस्य रितबहादुर खड्का, डिभिजन क. किम बहादुर थापा, सुनिल ब्रिगेड कमाण्डर तथा केन्द्रिय सदस्य नेप बहादुर के.सी. केन्द्रिय सदस्य शेरमान कुवर, मोहन चन्द, गौतम, जित, बहुबिर, योद्धा, प्रभात, कुशल, मुनाल लगायत सैयौ जनमुक्ति सेना, नेता, कार्यकर्ता, जनता र योद्धाहरूको उच्च बलिदान भयो । कालिकोटको कोटबाँडा, रामेछापको दोरम्भा गौरमा उपेन्द्र यादवले २८ जनाको बर्बर हत्याकाण्ड लगायत नरसंहारका बर्बर घटनाहरू घटे । यसले पाटीलाई कमजोर तथा जनतामा निरास नभई बदलाले ओत्प्रोत भावनाले सुदृध र सम्बृद्ध बनायो ।

*५. गिरफ्तारी बेपत्ता बन्दी र सुपुर्दगी*

देउवा सरकारले लगाएको संकटकाल संगै मंसिर ११ गते जनादेश पत्रकार माथि हमला गरेर ११ जना पत्रकारको गिरफ्तार गऱ्यो । त्यस लगत्तै भारतमा मोहन बैध्य (क.किरण) सी.पी. गजुरेल, मातृका यादव, सुरेश आलेमगर, महेश्वर दाहाल लगायतका नेताहरूलाई गिरफ्तार गरियो । देश व्यापी अपहरण, गिरफ्तार, बेपत्ता बन्दी लगायतका घतनाहरू दिनहु जसो भइ रहे । २०५९ बैशाख १३ गते विद्यार्थी नेता पूर्ण पौडेलको गिरफ्तार पश्चात वेपत्ता बनाइयो । पूर्ण पौडेल, बिपिन भण्डारी लगायत करिब २६०० नागरिक अहिले पनि वेपत्ता छन भने २०५९ असाढ २८ गते पहलो पटक पत्रकार महेश्वर दाहाल सहित ४ जनालाई नेपाल सुपुर्दगि गरियो । २०६० माघमा नेताहरू द्रय मातृका यादव र सुरेश आलेमगरलाई नेपाल सुपुर्दगि गरियो ।

*६. वार्ता र शान्ति*

२०५८ श्रावण ७ गते पाण्डुसैन चौकी कब्जा संगै ८ गते नै सरकारले युद्ध बिरामको घोषणा गऱ्यो । कृष्ण बहादुर मोहराको नेतृत्वमा ३ सदस्य वार्ता टोली बन्यो । "गोलमेच सम्मेलन" "अन्तरिम सरकार र संविधान सभा" मुख्य एजेन्डा बने र पहिलो चरण श्रावण १४ गते गोदावरी, दोस्रो चरण ठाकुरद्धारा बर्दियामा र तेस्रो चरण कार्तिक २८ गते वार्ता भए । यस बिच संसदिय राजनितिक पाटीहरू र माओवादी बिच भारतको सुलगुढीमा पनि वार्ता भयो तर उक्त वार्ता निर्कषहिन हुदै मंसिर ६ गते भंग भयो । दोस्रो चरण २०५९ माघ १५ गते दुवै पक्ष बिच युद्ध बिरामको घोषणा भयो । १८ गते स्थायी समिति सदस्य डा. बाबुराम भट्टराईको नेतृत्वमा ५ सदस्य वार्ता टोली सार्वजनिक भयो । त्यस लगतै काठमाण्डौ लगायत देशै भरि जनसभाहरू आयोजना गरिए । २०६० बैशाखमा दोस्रो चरणको पहिलो वार्ता काठमाण्डौमा भयो । दोस्रो वार्ता हापुरे दाङ्गमा भयो । हापुरे वार्ताले हावा खाए संगै वार्ता प्रकृया भंग भयो । आगामि राजनितिक निकास ननिस्कने भन्दै अध्यक्ष प्रचण्डले युद्ध विराम भंग भएको घोषणा गरे ।

*७. दुई लाइन संघर्ष र शान्ति प्रक्रिया*

जनयुद्धका बेला माओवादी पाटी भित्र दुईलाइन संघर्ष माथिल्लो तहमा चर्की रहेको भए पनि बहुचर्चित चुनबाँङ्ग बैठकबाट सामान्यत अन्तर संघर्ष बाहिर आएको देखिन्छ । डा. बाबुराम भट्टराई माथि कार्वाही र मोहन वैध्य क.किरण को गिरफ्तारिका गर्वमा लुकेको रहस्यले एकातिर बर्गदृष्टीकोण माथि प्रश्न जन्माएको थियो भने अर्को तिर वार्ता शान्ति प्रकृर्याको आवरणमा राजनितिक बाटो परिवर्तनको थालनी गरिएको थियो । काठमाण्डौको बालजुमा बसेको पाँचौ विस्तारित बैठकमा अध्यक्ष प्रचण्डले "नया बैचारिक स्पष्टता र नया एकता कायम गर्न एक जुट हौं शिर्षकको चौबीस पृस्ट लामो राजनितिक दस्ताबेज प्रस्तुत गरे । उक्त दस्ताबेजमा पहिलो पटक क.किरणको औपचारिक तर मौखिक फरक मत आयो । लामो समयको छलफल पछि आवश्यक संशोधन सहित त्यही दस्ताबेज पारित भयो । संविधानसभा निर्वाचन अगाडी गोलमेच सम्मेलन, गणतन्त्र घोषणा र समानुपातिक निर्वाचन प्रणालीमा जोड दिने निर्णय भयो । दस्ताबेजमा प्रचण्ड, बाबुराम हरूको संशोघनवादी बाटोमा हिड्ने छदम कदम लुकेको स्पष्ट भए पछि पार्टी भित्र दुईलाइन संघर्षको स्तर उच्च तहमा उठेको थियो । पार्टी भित्र बिचार, राजनितिक लाइन र कार्य दिशाका बारेमा फरक मत हुदा हुदौ पनि उच्च स्तरिय शिखर वार्ता सहमति विस्तृत शान्ति सम्झौता सेनाको निसस्तीकरण, प्रमाणीकरण, हतियारको व्यवस्थापन, जनसत्ता र जनअदालतहरूको विघठन, संविधानसभाको चुनाव, निर्वाचन पछि जनमतको बहानामा सरकार संसदमा माओवादी आगमन रुकमागद प्रकरण पलुंङ्टारको चर्चित बैठक राष्ट्रिय हित बिपरितका सम्झौता संविधानसभाको बिघठन सम्म आउदा प्रचण्ड, बाबुराम लाइन बाट हारेको सिपाही जस्तै कायर मात्रै भएनन् सर्वहारा जनता नेपाली क्रान्ति प्रति विश्वासघात र गद्धारी गर्दै पुरानै संशोधनवादको बाटो अंगाल्न पुगे । चुनवाङ्ग बैठकले रणनितिक प्रतिक्रमणको दोस्रो योजना ढाडमा टेकेर टाउको हान्ने निर्णय गरे अनुसार फ्युजनको निति अख्तियार गरी संशोधनवाद संगको फ्युजन क्रान्तिमा व्यापक कन्फ्युजन र ढाडमा टेकेर टाउकोमा हान्ने नभई उल्टो प्रतिक्रान्तिकारीहरूले प्रचण्डहरूको टाउकोमा टेकेर प्रचण्डबाटै क्रान्तिको गर्धन छिनालियो । यो बेला सम्म आईपुग्दा प्रतिक्रान्ति घाटी सम्म पुग्यो । प्रचण्ड, बाबुरामहरू राधाकृष्णहरूको साथ लाग्दै नेपाली जनता क्रान्ति बिचबाटोमै छोडेर बिदेशी शासकहरूका पाउको तलुवा बने । प्रतिक्रान्तिकारी बाटोमा क्रान्तिका मुख्य नायक आफै खलनायक सावित भए । संविधानसभा पछि प्रचण्ड, बाबुराममा त आफ्ना मालिक दुखि नहोस भन्दै क्रान्तिको बाटो र जनताका एजेन्डामा धोका दिने र आफ्ना मालिक संगको बढि प्रिय हुने भन्ने होडबाजी नै चल्यो । बाबुराम कम्युनिष्ट बिचार र बामपन्थी आन्दोलन नै छोडेर भागे भने प्रचण्ड लम्पसार पर्दै प्रतिकृयावादी पार्टीमा पटन भई सकेको एमालेमा बिलय भए । तथाकथित शान्ति प्रकृयाको नाममा बिर योद्धाहरूको बजार मुल्य टोकियो शहिदको रगतको थोपा थोपामा पैसा साटीयो । सपनाहरूको हत्या गरियो । बेपत्ता योद्धाहरूको आस्था माथि बलत्कार गरियो । प्रचण्ड, बाबुराम हरूको यो निर्लज्जानाटक नाकाम सावित भयो । संसदिय व्यवस्थात २०५२ पहिला पनि थियो । दरवार हत्याकाण्ड संगै राजतन्त्रको अन्त्य भईसकेको थियो तर तत्कालिन बेला अध्यक्ष प्रचण्डले अब गणतन्त्रकालागि भन्दै सहकार्य गर्न भन्दै संसदिय राजनितिक दललाई अपिल गरे तिनै एमाले, कांग्रेस जो संग प्रचण्ड, बाबुरामहरूको घाटी जोडियो हिजो प्रचण्ड, बाबुरामको आदेशमा उनिहरूकै सयौ कार्यकर्ता छानि छानि मारिए अहिले प्रचण्ड, बाबुरामको पतन यती सम्म भयो कि कहिले कांग्रेस त कहिले एमाले संग मिल्नु नै उनिहरू समाजवाद आएको देख्छन ।

*८. पार्टी पुनगठनको ऐतिहासिकता*

जनयुद्धकालमै माओवादी संग वार्ता प्रसंगमा भारतीय राष्ट्रिय सुरक्षा विदले भनेका रहेछन । "भारतको दुइ सर्तमा माओवादी तयार भए हामी वार्ताको लागि सघाउछौ ।" पहिलो भारतीय उग्रवादीहरू संगको सम्वन्ध तोड्नु , दोस्रो बहुदलिय लोकतन्त्र स्विकार गर्नु त्यस पछि भारतमै नेपालको संसदिय राजनितिक दल र माओवादी नेताहरू बिच गोप्य हुनुले प्रचण्ड, बाबुराम हरूको पतन पनि विभिन्न कोतपर्वहरूको रहस्य जस्तै बिचलन वा आत्मसर्मपण को प्रकाष्ठ थियो । यो त इतिहासले समिक्षा गर्ला नै शासकहरूको आदेश र इसारामा नेपाली जनता माथि जुन तहको कुठाराघात भयो । त्यसका बिचबाट पनि पार्टी भित्रका क्रान्तिकारीहरूलाई एकिकृत पार्दै अधुरो क्रान्तिको बाटो निरन्तर समात्ने नया क्रान्तिकारी पहलकदमी आज क.किरणको नेतृत्वमा हामी सबै क्रान्तिकारी माओवादीहरूले लिएका छौ । विजयको सन्निकट पुग्दै गरेको नेपाली क्रान्ति प्रतिक्रान्तिमा परिणत भइसकेपछि पनि पार्टी पुन : गठन गरेर हामी यो गौरव पूर्ण सन्दर्भमा छौ । हामीले हर्सको दुइ ठुला कदम महान जनमुक्ति सेना तथा जनताको आफ्नै सत्ता, जनसरकार घोषणा भएको दिन यस्तै दुइ ठुला बिचलन पटनको सामना गरेको महिना तथा कथित शान्ति सम्झौता हस्ताक्षर गरेर जनयुद्धको दुखत र कायरता पूर्ण अन्त्य को घोषणा साथै सहिदहरूको रगतबाट आर्जेको सम्पति बुझाउने सहमति गरेको महिना हो । यो सन्दर्भ चिहानबाट उभिएर मरणसन्न संसोधनवादको बिरुद्ध क्रान्तिको आगो ओकलेको दिन हो । यही अवसरमा नया पूर्ण प्रतिवद्धता र क्रान्तिका लागि प्रतिज्ञा गरेको दिन नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) मुलुक कायपलतको अर्को अध्याय थालिएको स्वाणिम दिन मानव सभ्यताको उत्कृष्ट शासन व्यवस्था, जनताको जनवादी व्यवस्थाको लागि जनमुक्ति सेनाले विरता देखाएको मंसिर ८ वास्तवमै ऐतिहासिक्ताले भरिपुर्ण ऐतिहासिक दिन त्यसैले यो दिनलाई सबैले आफ्नो वर्तमानको सबैभन्दा गर्विला इतिहास कायम गरेको दिनको रूपमा स्मरण गर्नु पर्छ ।

# परिवर्तनकारीहरूको बाटो कुन ?

● **गोरे**

राजनीतिमा सबभन्दा महत्वपूर्ण हतियार भनेको विचार र सिद्धान्त नै हो । जब सिद्धान्तमा विचलन आउंछ त्यसको अधोगति सुनिश्चित छ । राजनीतिक विचारधाराकै आधारमा कुन राजनीतिक दल कस्तो भनेर मूल्यांकन गर्न सकिन्छ । साथै उसका राजनीतिक व्यवहार, उसका गतिविधि, उसका चरित्र, उसको समाजप्रतिको बुझाई, अन्तर्राष्ट्रिय कुटनीति, राष्ट्रिय चरित्र आदि समग्र गतिविधिले राजनीतिक छवि झल्काउंछ र समाज र देशप्रति कस्तो प्रभाव जमाउंछ उसको चरित्रमा निर्भर रहने गर्दछ ।

यस स्तम्भमा मुख्य उठाउन खोजिएको विषय के हो भने विचार र सिद्धान्त ठीक भएर मात्र पनि नहुने हो कि ? यदि यसो हुंदो हो त विचार ठीक भएका र इमान्दार देखिएका पुराना र नयां कम्युनिष्ट नेताहरूका नाम लिन सकिन्छ जसको विचारले खै त देशमा परिवर्तन भएको ? किन विचार र सिद्धान्तमा अग्रणी भएको दावी गर्दा गर्दै राजनीतिक गतिविधि शुन्य जस्तो ? अनि ती विचारले खै त समाजमा प्रभाव पार्न सकेको ? यी कुरामा गहन अध्ययन विश्लेषण र समिक्षा गर्नु पर्ने देखिन्छ । एक समय थियो मीठो र जोसिलो भाषण गर्नेलाई महान नेता मान्ने गरिन्थ्यो । नेपालमा सबै भन्दा मन्त्रमुग्ध पार्न सक्ने र जनतालाई मोहित पार्न सक्ने क्षमता भएका नेतामा क. मदन भण्डारी थिए । त्यस्तै विश्वको सबै भन्दा प्रभावशाली नेतामा जर्मनका एडल्फ हिटलर थिए । उनको भाषणले मात्र जनता यसरी उछालिन्थे रे कि ज्यान दिन पनि तयार हुन्थे । राष्ट्रभक्तिलाई बढि अष्त्रका रूपमा प्रयोग गरे र जनतालाई विश्वयुद्धमा होमिन तयार बनाए । समय सधैं एकैनास रहदैन । यो प्रकृतिको नियम हो । यसलाई कसैले रोक्न सक्दैन । यसैले यस कुरालाई यसरी बुझौं कि ? अब भाषणले मात्र जनता विश्वास गर्ने पक्षमा देखिदैनन् । किन कि सबैको शासन, व्यवहार शैली, राजनीतिक आचरण आदिबाट भुक्तभोगी भैसकेका छन् । विदेशमा पैसा कमाउन पेसा, व्यवसायमा संलग्न हुने गरेको पाइन्छ तर नेपालमा पैसा कमाउन राजनीतिमा लाग्ने गरेको देखिन्छ । अर्थात नेपालमा राजनीतिलाई पेसा व्यवसायकै रूपमा लिएको देखिन्छ । नेपालमा राजनीति गर्नेहरू मालामाल नै बनेको देखिन्छ र यो व्यवसाय राम्रै फस्टाएको देखिन्छ । अझ विडम्वनाको कुरा के छ भने एक्लै भए पनि च्यांखेदाउ थापेर बसेका थुप्रै राजनीतिक दलहरू छरपस्त छन् । नेपालमा राजनीति यतिसम्म घृणित बन्यो कि यसले कुनै क्षेत्रलाई अछुटो राख्न सकेन । इमान्दार र नैतिकवान कार्यकर्ता, व्यक्ति, कर्मचारी, पेशाकर्मी यहां कसैको पनि मूल्य छैन । संसदीय व्यवस्थामा आस्था राख्ने दलमा त यस्ता व्यवहार सामान्य मानिन्छन् । तर विडम्वना परिवर्तकारी शक्तिमा यस्तो व्यवहार देखिनु अशोभनीय मानिन्छ । एउटा भर्खर राजनीति सिक्दै गरेको विधार्थीको लागि सबभन्दा नौलो व्यवहार त्यसबेला लाग्यो जब एउटा कार्यकर्ता कार्ल मार्क्सको सिद्धान्तप्रति वफादार रहने प्रतिज्ञा गर्दै त्यसको सदस्यता लिएको छ त्यसैले संसदीय प्रणालीमा जस्तै वैठकमा कमै मात्र उपस्थिति छ, वैचारिक र राजनीतिक विचारधाराशुन्य जस्तो, कर्तव्यविमुढ, विचारविमर्शप्रति चासो नभएको, *बाँकी ५ पेजमा*

# भारतीय माओवादीको आक्रमणमा परी ६ जना प्रहरीको मृत्यु



एजेन्सी । लामो समयदेखि भारतमा जनयुद्ध गरिरहेको भाकपा (माओवादी)को आक्रमणमा परी ६ जना भारतीय प्रहरीको मृत्यु भएको छ । भारतको झारखण्ड राज्यको लाथेर जिल्लामा भाकपा (माओवादी) का जनसेनाहरूले थापेको एम्बुसमा परेर असइसहित विशेष सुरक्षा बलका ६ जनाको मृत्यु र एक दर्जन जति घाइते भएको न्यूज एजेन्सीहरूले उल्लेख गरेका छन् ।

माओवादी प्रभावित क्षेत्रमा पेट्रोलिङ गरेर फर्केको टोली एम्बुसमा परेको थियो । शुक्रबार साँझ भएको यो घटनाको विस्तृत समाचार सार्वजनिक नभएको समाचार स्रोतहरूले उल्लेख गरेका छन् ।

त्यस्तै पलामु जिल्लाको पिपरामा शनिबार भाजपाका नेता मोहन गुप्तासहितको टोली छापामारको निसानामा परेको छ । उनी चढेको कारमाथि छापामारको प्रहारपछि मोहन गुप्ताको मृत्यु भएको छ भने अन्य ३ जना मरणसन्न अवस्थामा भएको कुरा समाचारमा उल्लेख छ । माओवादीले सो क्षेत्रमा हुन लागेको एसेम्ब्ली चुनावको सक्रिय बहिष्कार गर्न आह्वान गरेको बताइएको छ । पछिल्लो चरणमा भाकपा (माओवादी)ले आफ्ना राजनीतिक तथा सैन्य गतिविधिहरूलाई तीव्र बनाइरहेको छ ।

केही दिनअघि मात्र सरकारी सुरक्षा निकायले माओवादीहरूले ड्रोनबाट सुरक्षा निकायको गतिविधि अध्ययन गरेको र क्याम्पहरूको सर्वेक्षण गरेको रिपोर्ट गृहमन्त्रालयमा पेश गरेको कुरा सञ्चारमाध्यमहरूले जनाएका थिए ।

# अचानक ट्रम्प पुगे अफगानिस्तान



एजेन्सी । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले बिना कुनै सूचना अचानक अफगानिस्तानको भ्रणम गर्दै त्यहाँ खटिएका अमेरिकी सैनिकहरूलाई भेटेका छन् । त्यस क्रममा उनले अमेरिका र तालिबान विद्रोहीबीच वार्ता भइरहेको बताए ।

बाग्राम सैन्य अखडामा अमेरिकी सेनालाई सम्बोधन गर्दै ट्रम्पले भने, ' तालिबानहरूले वार्तामार्फत् सहमति जुटाउन चाहिरहेका छन् ।

आफ्नो पहिलो अफगानिस्तान भ्रमणका अवसरमा उनले अफगान राष्ट्रपति असरफ गनीसँग पनि भेटघाट गरेका बीबीसीले जनाएको छ । शान्ति वार्ता थाल्ने उद्देश्यले अमेरिका र तालिबानबीच भएको बन्दी आदानप्रदानपछि ट्रम्पले थ्यांसगिभिङ भनिने अमेरिकी पर्वको अवसरमा अचानक अफगानिस्तान भ्रमण गरेका हुन् । त्यस क्रममा ट्रम्पले अमेरिकाले सैनिकको सङ्ख्यालाई उल्लेखनीय रूपमा घटाउन लागेको बताए ।

अहिले अफगानिस्तानमा झन्डै १३,००० अमेरिकी सैनिकहरू परिचालित छन् । सन् २००१ को सेप्टेम्बरमा अमेरिकामा भएका आतङ्कवादी आक्रमणपछि अमेरिकाले त्यहाँ आफ्नो सेना पठाएको १८ वर्ष पुगिसकेको छ ।

शान्ति वार्ताको पहल सुरु भएपछि हालै तालिबान विद्रोही र अमेरिकी पक्षबीच कतारको दोहामा वार्ता भएको थियो । तर औपचारिक वार्ता भने अझै सुरु भइसकेको छैन ।

# अमेरिकी प्रतिबन्ध झेलिरहेको इरानसँग युरोपेली राष्ट्र व्यापारका लागि इच्छुक

एजेन्सी । अमेरिकी प्रतिबन्धहरू झेलिरहेको इरानसँग युरोपेली राष्ट्रहरू व्यापार गर्न सकरात्मक देखिएका छन् ।

हाल फ्रान्स, बेलायत र जर्मनीले इरानसँगको व्यापारका लागि वस्तु-विनियम प्रणाली स्थापना गरेका छन् ।

फ्रान्स, बेलायत र जर्मनीले इरानसँग वस्तु-विनिमयका आधारमा व्यापार गर्न छ वटा नयाँ युरोपेली राष्ट्रहरूले देखाएको तत्परतालाई शनिबार स्वागत गरेका छन् ।

इरानविरुद्ध अमेरिकी आर्थिक प्रतिबन्ध रहेका कारण युरोपेली राष्ट्रहरूले अमेरिकी डलरको सट्टा वस्तु-विनिमयका आधारमा सीमित व्यापार गर्न चाहेका हुन् ।

इन्स्टेक्स नाम दिइएको यस नयाँ व्यापार प्रणालीमा सहभागी हुन बेल्जियम, डेनमार्क, फिनल्याण्ड, नेदरल्याण्ड्स, नर्वे र स्वीडेनका सरकारहरूले सहमति जनाएका छन् ।

पेरिसस्थित मुख्यालय रहेको इन्स्टेक्सले इरानले आफ्नो तेल युरोपेली मुलुकलाई बेच्न सक्ने र त्यसको बदलामा युरोपेली मुलुकबाट सामान वा सेवाहरू खरिद गर्न सक्नेगरी क्लियरिङ एजेन्टको रूपमा कार्य गर्दछ । हालसम्म यस प्रणालीमार्फत कारोबार हुन थालेको छैन।

इरानसँग सन् २०१५ मा भएको बहुपक्षीय आणविक अप्रसार सन्धिबाट संयुक्तराज्य अमेरिका सन् २०१८ मा एकपक्षीय रूपमा हटेको थियो। इरानले सम्झौता बमोजिमका शर्तहरू पालना नगरेको आरोप लगाउँदै अमेरिकी ट्रम्प प्रशासनले इरान विरुद्ध कठोर आर्थिक प्रतिबन्धहरू लगाएको छ।

फ्रान्स, जर्मनी र बेलायतका तर्फबाट जारी पछिल्लो संयुक्त विज्ञप्तिमा इन्स्टेक्समा नयाँ छ वटा युरोपेली राष्ट्रहरू जोडिएकामा स्वागत गर्दै यसबाट इरानसँग युरोपेली मुलुकको व्यापारलाई सहजीकरण गर्न तथा इरानी आणविक कार्यक्रमलाई स्थगित राख्न ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । वक्तव्यमा इरानले पनि विगतको आणविक अप्रसार सन्धी बमोजिमका शर्तहरू पूर्ण पालना गर्नुपर्नेमा जोड दिइएको छ ।

# बलिस्टिक क्षेप्यास्त्र चाँडै देखाइदिने उत्तर कोरियाको जापानलाई चेतावनी

एजेन्सी । उत्तर कोरियाले जापानी प्रधानमन्त्री शिन्जो आबेलाई "मन्दबुद्धि" र "राजनीतिक कद नभएका नेता"को सङ्ज्ञा दिँदै उनले आफ्नो अस्त्र परीक्षणलाई गलत रूपमा प्रस्तुत गरेको आरोप लगाएको छ ।

बिहीबार गरिएको परीक्षणपछि आबेले उत्तर कोरियाले बारम्बार बलिस्टिक क्षेप्यास्त्रको परीक्षण गरेको भन्दै निन्दा गरेका बीबीसीले जनाएको छ ।

उत्तर कोरियाले एकैचोटि एउटाभन्दा बढी रकेट प्रहार गर्न सक्ने "सुपर लार्ज मल्टिपल रकेट लन्चर"को परीक्षण गरिएको दाबी गरेको छ ।

उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमले जापानले ' वास्तविक बलिस्टिक क्षेप्यास्त्र निकट भविष्यमै देख्न पाउने' भन्दै शनिवार धम्कीपूर्ण टिप्पणी गरेको छ ।

राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले उत्तर कोरियालाई बलिस्टिक क्षेप्यास्त्र परीक्षण गर्न प्रतिबन्ध लगाएको छ ।

उत्तर कोरियाले त्यसबाहेक क्षेप्यास्त्र र परमाणु कार्यक्रमसम्बन्धी अनेकौं प्रतिबन्धहरूको सामना गरिरहेको छ ।

जापानको एउटा प्रमुख साझेदार रहेको संयुक्त राज्य अमेरिकासँगको वार्तामा ती प्रतिबन्धहरू हटाउनुपर्ने विषय उत्तर कोरियाको एउटा प्रमुख मुद्दा बन्दै आएको छ ।

गत फ्रेबुअरी महिनामा अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जङ अनबीच आयोजित शिखर बैठक विफल भएको थियो । त्यसपछि देशबीच वार्ता हुन सकेको छैन ।

दक्षिण कोरियामा रहेका पर्यवेक्षकहरूका अनुसार उत्तरले दुई अज्ञात अस्त्र दक्षिण हाम्योङ प्रान्तबाट बिहीवार सी अफ जापानतर्फ प्रहार गरेको थियो ।

त्यसलगत्तै आबेले उत्तरले निरन्तर बलिस्टिक क्षेप्यास्त्र परीक्षण गरिरहेको भन्दै ती आफ्नो देशका लागि मात्र नभई अन्तर्राष्ट्रीय समुदायका लागि पनि गम्भीर चुनौती भएको टिप्पणी गरेका थिए ।

## परिवर्तनकारीहरुको...

नेतृत्वप्रति विश्वस्त नभएको जस्तो, भावी योजनाप्रति नघोत्लिने र नेतृत्वसंग विषयवस्तु स्पष्ट राख्न नसक्ने जस्ता कार्यकर्ता पनि नेता बन्न झगडा नै गरेको देख्दा अनौथो लाग्यो । यहि परिवर्तनकारीभित्र पनि एक कार्यकर्ता भन्दै थिए म त मेरो सन्तानलाई धोखा दिन चाहदैन । त्यो भनेको उत्पिडित जाति, वर्ग, समुखाय आदिलाई अधिकार दिनु भनेको मेरो अधिकार खोसिनु हो भनेको हो भन्ने कुरा बुझ्नु पर्दछ । यो भनेको यो वा त्यो रूपमा परिवर्तनकारी शक्तिलाई पनि त्यहि बाटोमा लैजानु । एकजना लेखकले लेखेका थिए वैध माओवादी पनि उहि संसदीय दलमा नै हिड्नु पर्नेछ । यदि त्यहि पुरानो संरचना र त्यहि बाटो हिड्ने हो भने उनको विश्लेषण सहि हुन पनि सक्दछ । के नेपालमा सच्चा मार्क्स एंगेल्सका सिद्धान्तलाई बोकेर सोझासिधा जनतालाई भ्रमको खेती मात्र गर्ने काम त भएको छैन ? डवल नेकपामा पनि इमान्दार कार्यकर्ता देख्दा खुशी लाग्यो । तिनीहरूले नेतृत्व सुध्रिएनन् भने एकदिन जनताबाट टाढिनु पर्ने भन्दै सचेत गराएको देखिन्छ । हिजोको कालखण्डलाई हेर्ने हो भने नेतृत्वलाई सचेत गराउंदा गराउँदै पनि क. प्रचण्ड र क. लालध्वज आदि कामरेडहरूको हविगत हेर्दा थाहा भैहाल्छ नि । आज हिजोका शक्तिशाली व्यक्ति आज एमालेभित्र घुम्रिएर टाउको लुकाउने ठाउं खोज्नु पर्ने अवस्था छ भने क. लालध्वज एउटा क्षेत्रिय दलको आडभरोसा खोज्नु पर्ने अवस्था आइ लागेको छ ।

राजनीतिक शाष्त्रमा स्पष्ट रूपमा के लेखिएको छ भने राष्ट्रवाद भन्दा आन्तरिक राष्ट्रियता शक्तिशाली हुन्छ । आदरणीय प्रगतिशिल लेखक श्री खगेन्द्र संग्रौलाले व्यांग्यात्मक शैलीमा भन्नु भएको छ म नश्लवादी राष्ट्रवादी होइन । यसलाई यसरी पनि बुझौं मौसमी राष्ट्रवादी । युरोप तथा अमेरिका र अन्य विकसित देशहरूले आन्तरिक राष्ट्रियता बलियो बनाएको कारण नै त्यहां शान्ति तथा एकता कायम रहन सकेको हो भन्न कोहि हिच्चिकचाउंदैनन् होला भन्ने लाग्छ । अफ्रिका तथा एशियाका केहि देशहरूलाई हेर्दा आन्तरिक राष्ट्रियता कमजोर भएको कारण नै द्वन्द्वमा फसेको देखिन्छ । नेपालमा स्पष्ट रूपमा हेर्दा शोषित, पिडित, उत्पिडित र थिचोमिचोमा पारिएको जातजातीको उत्थानमा लाग्नु र गरीवि, असमानता, अशिक्षा, हलिया, सुकुम्वासी, कम्लरी, घरवारविहिन तथा सीमापिडितहरूका समस्यालाई समाधानतिर लाग्ने हो भने सधैं सरकारमा हालिमुहाली गरिरहेका र आफुलाई सधैं उच्च जाति भन्न रुचाउनेहरूले हामी पछाडी पारिन्छौं भन्ने दरिद्रताको मासिकताले घर गरेको प्रष्ट देख्न सकिन्छ । अहिले विभिन्न क्षेत्रमा छुट्ट्याइएको आरक्षण सिटलाई विभिन्न वहानामा हटाउनु पर्छ भन्ने ठूलो स्वर सुनिन थाल्नु यसैको उदाहरण हो । नेपालमा जातीय, क्षेत्रीय, भाषिक, सामाजिक, आर्थिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा उत्पिडन भएकै कारण कम्युनिष्ट पार्टीमा अनेक विकृति देखिदा पनि कम्युनिष्टहरूको वर्चश्व रहनु यसैको कारण हो । यसैको फाइदा उठाएर नेपालका कम्युनिष्ट भनाउदाहरूले मार्क्स एंगेल्सले दुःख गरि आर्जेको विश्वको उत्कृष्ट राजनीतिक र अर्थशाष्त्र सम्बन्धि सिद्धान्तलाई भजाएर कमाउ धन्दा बनाउदा नेपालीहरको महाविजोक भएको अवस्था छ । युरोप र अमेरिका जस्ता विश्वका विकसित देशहरूमा उनै महान नेता मार्क्सको धेरैजसो सिद्धान्तलाई प्रयोग गरेर आजसम्म जेनतेन शान्ति कायम भएको छ । ती देशहरूमा पनि सोहि व्यवहारमा विचलन आएको कारण र पूंजिवादी सिद्धान्तका कारण सीमित व्यक्तिमा गएर सम्पत्ति थुप्रिदा राज्य सञ्चालनमा समेत समस्या आउन लागेको देखिन्छ । नेपालले पनि देशको भौगोलिक, सामाजिक, जातीय, वर्गाीय, क्षेत्रिय, आर्थिक, लैंगिक तथा राजनैतिक आदि सम्पूर्ण विभेदलाई मध्यनजरमा राखेर समान रूपमा नलैजाने हो भने द्वन्द्वले कहिल्यै स्थायी रूप लिन सक्ने छैन । यहि विषयलाई अझ विस्तृत रूपमा वि.सं. २०७६ कार्तिक १९ को कान्तिपुर दैनिकमा प्रा. महेन्द्र लावतीले "समृद्धि र जातीय पहिचान" भन्ने शिर्षकमा तथ्यांकसहित प्रष्ट्याउने काम गरेका छन् । नेपालमा राष्ट्रवाद कस्तो छ भन्ने कुरा लेखाजोखा गर्ने हो भने एउटा अर्को महाभारत तयार हुन्छ । भारत र नेपालको सिमानामा बस्ने नेपालीहरूले कति समस्या भोगेका छन् भन्ने सबै राजनीतिक दललाई थाहा छ तर त्यसलाई चुनावी समयमा मात्र चुनावी नारा बनाउने गरेको देखिन्छ । भारतमा पनि चुनावमा भोटवैंक बढाउनको लागि नेपालीलाई राशनकार्ड दिने गरेको उदाहरण छन् । नेपालमा त्यहि सिको गरेर चुनाव आएको समयमा सबै समस्याको समाधान छु मन्त्र गरि पूरा गरिदिने जसरी प्रकट हुने अनि चुनाव सकिएपछि यी राष्ट्रवाद सबै स्वाहा । नेपालमा मौसमी राष्ट्रवाद निकै फस्टाएको छ । सीमाका जनताहरूले ती समस्याका बारेमा कति पटक कुरा राखे होलान हिसाव राख्ने हो भने कुनै लेखामा पोख्त लेखाले पनि राख्न सक्दैन होला जस्तो लाग्छ । नेताहरू भन्न चांही छोड्दैनन् भारतलाई एक इन्च जमिन पनि मिच्न दिइदैन । जमिन मिचेर जनताका जमिन भारतमा पुगिसक्यो अनि कतै भारतीय सेना आएर बसिसक्यो त कतै पर्खाल र बाटो बनाएर नेपाली भू(भाग डुवानमा परिसक्यो । अनि भन्छन् भारतलाई एक इन्च जमिन पनि मिच्न दिदैनौ । भारतलाई नेपालको कानूनका बारेमा केस्रा केस्रा थाहा होला । नेपालको कानून पनि कस्तो ? अर्काको जमिनमा घर, वंगला बनाएमा त्यो नभत्किाए सम्म उसकै हुन्छ । यहि कानूनको फाइदा भारत दाइले उठाइरहनु भएको छ । यता नेपालका नेताहरूले आफु राष्ट्रवादी भएको देखाउनको लागि मात्र भारतलाई गाली गरेजस्तो गरेको देखिन्छ । नेपाली जनता त्यसैमा मख्ख विचरा १ सांच्चै राष्ट्रवादी हुन् भने नेपाली जनता हुन् । सिमानाका जनताहरू विना हतियार भारतका सेनाहरूसंग लडिरहेका छन् । भारतले बनाएको अग्लो पर्खालका कारण गाउं डुवानमा परेको छ भने बसिरहेको घर सेना आएर भत्काइ दिन्छ । नेपाली जनताले कतिसम्म समस्या भोगेका छन् भने आफ्नो गाउं जान पनि भारतको बाटो भएर जानु पर्ने वाध्यता छ । खै त्यहां सरकार ? खै त्यहां विकास ? के नेपाल प्राचिनकालमा जस्तै यहि चार किल्लामा रहेको काठमाडौं मात्रै हो ?अनि सेना चांहि संयुक्त राष्टसंघ, ठेक्कापट्टा र २१४ जना नेता, मन्त्रि र गन्यमान्यका लागि मात्र ?

नेपालीका समस्याहरूका चांगलाई खोतल्ने हो भने एउटा सर्वसाधरण जनताका लागि पीडा बाहेक के नै छ र यहां ? कानून लागु हुन्छ भने त्यहि सर्वसाधरण जनतालाई मात्र त हो । नेपालमा अहिलेसम्म जति परिवर्तन भएता पनि कानूनी राज्यको उपहास मात्रै भएको छ । मानौं कानून भन्ने शव्द त्यहि सर्वसाधरणको लागि मात्र बनेको हो । होइन भने यो कुरा पहिले नै एक जना विद्धानले लेखिसकेका थिए ( भ्रष्टाचारमा कारवाही गर्ने हो भने यहां कोही पनि वांकी रहंदैन । हो यदि सजांय दिन शुरु गर्ने हो भने राजनीतिज्ञ, कर्मचारी, वकिल, ठेकेदार, व्यापारी, पत्रकार वाहेक कोहि वांकी रन्छन् भने त्यहि विचरा सर्वसाधण । तर के गर्नु विडम्वना १ कारवाहीमा पर्छन् सर्वसाधरण, वांकी सबै शुद्ध ।

हामी अरुलाई मात्र गाली ग(यौं । हो अब हामी अरुलाई गाली गर्ने होइन काम गरेर देखाउने दिन आयो । समय परिवर्तशिल छ अब जनताले गाली र भाषण गर्ने नेतालाई होइन काम गर्ने नेतालाई खोजेका छन् । समस्या देखाउने र गाली गरेर समय वर्वाद गर्नु भन्दा त्यो कुराको समाधान के भन्ने विषयमा घोत्लिनु पर्ने समय आइसक्यो । गर्ने भए त २००७ सालदेखि २०६२६३ आन्दोलनसम्म आइपुग्दा खै के मिल्यो ? अब गल्ति गर्दैनौ भन्ने वाचा गरेका थिए खै के भयो ? ताजुकको कुरा त के भने यहां विद्धानको कमि छैन । डा. वावुराम भट्टराइजस्ता विकासमा पिएचडी गरेका छन् भने अर्थशाष्त्रमा पिएचडी गरेर खुला र उदार अर्थतन्त्रका हिमायती अर्थविज्ञ यहां छन् जसलाई नेपाल सरकारले नोमिनेशन गरेको भए अर्थशाष्त्रतर्फको नोवेल पुरस्कार प्राप्त गर्ने थिए कि । जसले भ्यागुता जस्तै उफ्रने विकास र खुला अर्थतन्त्रबाट देशको विकास गर्ने सबै खुला राखेर खुलमखुल्ला कुम्ल्याउने बाटो बनाए । नेपाली जनताले गरेको पटक पटकको बलिदानको योगदान उनै ठुलावडालाई वरदान वस् यहि हो अहिलेसम्म भएको विकास । भन्छन् हामी वर्षमा ५००० जनालाई रोजगार दिन्छौं । कहिलेसम्म जनतालाई ढांट्ने हो ? यति ठूला विद्धानलाई के थाहा छैन होला ? रोजगार दिनलाई औधोगिक क्रान्ति हुनुपर्छ । के नेपालमा सम्भव छ औधोगिक क्रान्ति ? एउटा भुपरिवेटित देशमा कसरी सम्भव छ औधोगिक क्रान्ति ? के ट्रक र हवाइजहाजमा वस्तु ओसारेर विश्व वजारमा प्रतिष्पर्धा गर्न सम्भव छ ? आजभोलि भन्ने गरिन्छ कृषिबाट आर्थिक क्रान्ति गर्ने । के त्यो सम्भव छ कृषकले उत्पादन गरेको सामानको वजारको ग्योरेन्टि नभएसम्म र उत्पादित वस्तुको सुरक्षा नभएसम्म ? दक्षिण कोरियाका राजदुतले धेरै वर्ष पहिले कान्तिपुर पत्रिकामा लेखेका थिए प्रत्येक युवाको हातमा एउटा एउटा उद्योग होस् । तर त्यसको लागि सरकारले वातावरण तयार पार्न सकेन । वजारको सुरक्षाको ग्यारेन्टि गर्न सकेन । सोहि कारण आज हरेक युवा सर्टिफिकेट बोकेर गल्लि गल्लिमा नोकरी खोज्दै भौतारिरहेको हुन्छ । उसलाई विश्वास लागेको छैन कि लगानी गरेर गरि खान सकिन्छ । हो अब त्यस्तो वातावरण तयार पार्नु पर्ने दिन आयो । उत्पादन मोर्चा र विभिन्न भातृ संगठनमार्फत यो काम गर्न सम्भव छ । एउटा कृषक समूह गठन गरेर विभिन्न कृषि तथा अन्य फलफुल लगायत उत्पादन गर्ने र वजारमा खपत नभएसम्मको लागि सुरक्षित राख्नको लागि कोल्डस्टोर खोल्ने अनि मुख्य मुख्य स्थानमा मार्केट स्टोर राख्ने । त्यसको अलावा अहिले वजारमा स्थापित हुनको लागि राम्रो चलेको व्यापार होम डेलिभरिको व्यवस्था पनि गर्ने । जसले गर्दा छिटो वजारमा स्थापित हुने अवसर प्रदान मात्र हुदैन पार्टीको प्रचारको काम समेत गर्दछ । यसको अलावा अन्य मार्केटको आवश्यकता अनुसार पेशा व्यवसाय पनि विस्तार गर्दै जानु पर्दछ । यसमा संलग्न हुनको लागि अनिवार्य पार्टी सदस्यता हुनु पर्ने सर्ट हुनु पर्दछ । शुरुमा राजधानीको वरिपरिको छिमेकी जिल्ला जस्तैः ललितपुर, धादिङ, चितवन, नुवाकोट, काभ्रे, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक र दोलखा समेटेर एउटा नमूनाको रूपमा विकास गर्नु पर्दछ जसले सबैलाई हौसलाको रूपमा लिन सकियोस् र अन्य क्षेत्रमा विस्तार गर्न सकियोस् । यसको साथसाथ पर्यटन, होम्स्टे लगायत अन्य व्यवसाय पनि विस्तार गर्दै जानु पर्दछ । यसैको माध्यमबाट पार्टीको शक्ति विस्तार गर्न सकिने मात्र होइन रोजगार, आर्थिक, सामाजिक र सबभन्दा ठुलो कुरा एउटा छुट्टै समाजको निर्माण गर्न सकिन्छ । जबसम्म परिवर्तनकारी शक्तिको एउटा छुट्टै समाज बन्दैन तबसम्म त्यहि शक्ति हावी हुन्छ जुन सबै परिवर्तनको अन्त्यमा उनै शक्तिमा आए । पहिले १० वर्षे युद्धमा एउटा राम्रो समाज र टिम बनेको थियो जुन रहिरहेको भए आज त्यो शक्तिले फेरी ठाउं पाउने थिएन । विगत इतिहांस र व्यवहारलाई केलाउने हो भने यदि त्यहि बाटो र त्यहि समाजलाई विश्वासमा लिएर फेरी क्रान्ति सफल पार्छु भन्नु अन्तत्वगत्वा त्यहि शक्तिलाई ठाउं दिनु हो । विगतलाई फर्केर हेर्दा पनि थाहा हुन्छ जति त्र ान्ति भए ती सबै तिनैको सम्झौतामा अन्त्य भएको छ र सर्वसाधारणको लागि हिस्स । अबको सहि बाटो भनेको जनतालाई रोजगार दिदै संगठित बनाउदै सम्पूर्ण काम जनता आफै गर्ने र वीचका दलाल, पुंजिपति वर्गसंग सम्पर्क नहोस् । यहि वीचबाट एउटा शक्तिशाली क्विक रेस्पोन्स टिम बनाउनु पर्दछ जसले जनताको विकास र परेको समस्या समाधानमा तुरुन्तै पुग्न सकोस् । जनताको मनोभाव र निराशापन मेटाउन हामीले यहि टिम र विभिन्न पेशा व्यवसायमा जोडेर जनतासंगै रहेर काम गर्‍यौ. भने सधैं जनता हाम्रो पक्षमा हुने छन् र कार्ल मार्क्स र एंगेल्सले प्रतिपादन गरेको सिद्धान्त लागू गर्न हामीलाई कठिन हुने छैन । किन भने जनता नै सर्व शक्तिमान् छन् । सच्चा कम्युनिष्ट बन्ने सुअवसरलाई नगुमाऔं । सधैं इतिहांसले धिकार्ने कुपात्र होइन इतिहांसको सर्वोच्च नेता बन्ने सहि बाटो यहि हुन सक्दछ ।

# आगोका अजम्मरी बीउ इच्छुक



● मित्रलाल पंज्ञानी ●

**च्छुक एउटा ऐना पनि हो जसमा हामीले आफ्नो अनुहार हेर्न सक्छौं । इच्छुक हाम्रो क्रान्तिकारिता जाँच्ने कसी पनि हो र क्रान्तिकारितालाई उध्याउने ढुङ्गो पनि हो । त्यो ऐनामा आफ्नो अनुहार नहेर्ने, त्यो कसीमा आफूलाई नघोट्ने र त्यो ढुङ्गामा आफूलाई नउध्याउने हो भने इच्छुक सन्दर्भका तमाम बहसहरू बुद्धिविलासभन्दा बाहिर जाँदैनन्**

इच्छुक सांस्कृतिक प्रतिष्ठानको सदस्य सचिव भइसकेपछि मलाई कृष्ण सेन इच्छुकका कृतिहरू र उहाँका जीवनलाई फेरि एकचोटि पढ्न मन लाग्यो । धैर्यपूर्वक पढेँ । तर म तृप्त छैन । कृष्ण सेनलाई फेरि पढ्नु पर्छ । पढिरहनु पर्छ । मैले थाहा पाएँ । कृष्ण सेन त आगोको अजम्मरी बीउ हो । एउटा कालखण्डको क्रान्ति असफल हुँदैमा कृष्ण सेनको औचित्य समाप्त हुँदैन । उचित अवसर पाउनासाथ आगो कुनै पनि बेला बडवानल भएर जाग्न सक्छ ।

समग्र मानवताको हितार्थ जागेको क्रान्तिकारीले आफ्नो निजी जीवनमा हुने प्राप्तिलाई मात्रै गणना गरेर बस्तैन । 'आफू मरेपछि डुमै राजा' भन्दै हिड्दैन । म मरे पनि मानव जाति बाँचोस्, मानवता बाँचोस् भन्छ । 'मरेपछि डुमै राजा' का दुई अर्थ लाग्छन्–एक 'म मरेपछि जेसुकै होस्' भन्ने । दुई, डुम जातिलाई होच्याउने । यी दुवै कुरा गलत छन् । आफ्नो टाउको फुटेपछि मितको टाउको बेलैसरि भन्दै हिड्ने प्रवृत्ति पनि नितान्त गलत छ । मितको वास्तविक अर्थ दुःखमा सहयोग गर्ने साथी हो । वर्गमित्र हो । आफू मरेपनि यस्ता मित्रहरू बाँचिरहनु पर्छ ।

इच्छुकले आफ्ना कविता, लेख तथा अन्तर्वार्ताहरूमा त्यस्ता क्रान्तिकारी पात्रहरूको बिम्ब निर्माण गर्नु भएको छ जो जतिसुकै कठोर क्षणमा पनि विचलित हुँदैन । आफ्नो उद्देश्यमा दृढतापूर्वक डटिरहन्छ । बरु मर्न तयार हुन्छ, क्रान्तिलाई धोखा दिँदैन । वचन र कर्ममा अभेद्य एकत्व भएका कृष्ण सेनको चरित्र उहाँ स्वयंले परिकल्पना गर्नु भएको त्यही आदर्श योद्धाको जस्तै छ । उहाँले लेख्नुभएको प्रिय कमरेड शीर्षकको एउटा कवितांश हेरौं–

प्रिय कामरेड

*तिमी पहाड, जङ्गल, भङ्गाला र छालहरूलाई*
*दृढतापूर्वक पार गर्दै र तर्दै हिँड्दा रहेछौ*
*तिमी शत्रुका घेरा, पहरा र जालहरूलाई*
*निर्भीकतापूर्वक तोड्दै र छल्दै हिँड्दा रहेछौ*
*तिमी कष्टसाध्य कठोर क्रान्तिकारी जिन्दगी*
*स्वेच्छाले सगर्व लड्दै हिँड्दा रहेछौ*
*अनि हामीले पहिलोपल्ट थाहा पायौँ*
*तिमी जनताकै निम्ति बाँच्ने र मर्ने*
*आँखाका नानी जत्तिकै प्यारा र भरपर्दा साथी रहेछौ ।*


(इतिहासको यस घडी कविता संग्रहबाट)

कृष्ण सेनको जम्मा ४६ वर्षको जीवनकालमा ९ वर्ष त जेलमै बित्यो । जेलभित्र रहँदा होस् वा बाहिर सेनको जीवनको एक क्षण पनि क्रान्तिकारी कर्तव्यले खाली देखिँदैन । बन्दी र चन्द्रागिरि तथा शोकाञ्जली दुई काव्य तथा इतिहासको यस घडीमा कविता सङ्ग्रहका धेरैजसो कविताहरू उहाँले जेलमै लेख्नु भएको हो । जेल बाहिर रहँदा उहाँका दिनहरू अध्ययनमय, सिर्जनामय र सङ्घर्षमय भएर बितेका छन् । जनताका माझमा गएर बितेका छन् । जनादेश र जनदिशाजस्ता समाचार पत्रिका र कलम साहित्यिक पत्रिकाको सम्पादनमा बितेका छन् ।

पल पलमा पैसा र पदको हिसाब गर्दै अतृप्त आत्मा बोकेर विक्षिप्तझैं भौतारिँदै हिँडेका कम्युनिष्ट नामधारी पात्रहरू यत्रतत्र भेटिन्छन् आज । तिनले बेलामौकामा कृष्ण सेनको नाम पनि लिन्छन् । तर कृष्ण सेन नितान्त विपरीत देखिनुहुन्छ । अभाव र दुःख कष्टका हण्डरै हण्डरमा उहाँको जीवन बित्छ । तर उहाँमा कुनै गुनासो भेटिदैन । विचार, सिर्जना, संगठन र आन्दोलनका सङ्घर्षमय दिनचर्यामै तृप्त हुनुहुन्छ । उहाँमा कहाँबाट आयो यो तृप्ति र यिनमा किन आएन ? किन सामान्य पीडामा पनि बढ्ता कहराउँछन यिनी ? किन चरम यातनाले मृत्यको मुखमा परिसक्दा पनि कहराउनु हुन्न कृष्ण सेन ? कृष्ण सेनको चिन्तनको समग्र धारा क्रान्तितिर डोलिएर बगेको छ । उहाँको सौन्दर्य चेतनाको विकास पनि यसै गरी भएको छ । जनता, क्रान्ति र भविष्य प्रतिको उहाँको विश्वास मृत्यको भयभन्दा निकै बलवान छ । क्रान्तिकारी उद्देश्यमा समर्पित उहाँको जीवनको लय यातनाजन्य पीडाको लयभन्दा निकै गहिराईबाट घनीभूत भएर आएको छ । कृष्ण सेनको क्रान्तिकारिता वर्गसङ्घर्षको मैदानबाट मात्रै होइन, भीषण आत्मसङ्घर्षको भुङ्रोबाट समेत खारिएर निस्केको हुनाले चरम चञ्चलताबाट मुक्त छ । अधैर्य र अत्यासबाट मुक्त छ । साम्यवादको लक्ष्यप्रति दृढ प्रतिज्ञ छ । ढुक्क छ ।

भीषण आत्मसङ्घर्षको चरणबाट नगुज्रीकन कुनै पनि क्रान्तिकारी वर्गसङ्घर्षको मैदानमा खरो उत्रन सक्तैन । संसार बदल्ने भनेको पहिले आफूलाई बदल्ने भनेको हो । आफूलाई नबदलीकन अरूलाई बदल्न सकिँदैन । प्रमाणित ढाँटहरूले दिएको सत्यवादिताको सन्देश कसैले पनि ग्रहण गर्दैन । विश्वास लागे पो ग्रहण गर्नु । आफू बदलिनु भनेको आफूलाई जनसंस्कृतिमा ढाल्नु हो । जनताको हित गर्ने संस्कृति जनसंस्कृति हो । कृष्ण सेनले कठोर आत्मसङ्घर्ष गरेर आफूलाई बदल्नु भएको थियो । त्यसै कारणले उहाँ विश्वासयोग्य हुनु हुन्थ्यो । त्यसै कारणले उहाँमा क्रान्तिकारी आस्थाको गुरुत्व निर्माण भएको छ ।

जागीर खाने कि राजनीति गर्ने ? आर्थिक रूपले अभावग्रस्त परिवारको गुजारा चलाउन न्यूनतम आम्दानीको बाटो खोज्नै पर्थ्यो । निकटको सम्भाव्य विकल्प थियो जागीर । नेसनल ट्रेडिङ कम्पनीमा जागीर पाउनु पनि भयो । संसार बदल्ने स्वप्नदर्शी चेतना हुर्कँदै गरेका इच्छुकलाई चेतनाको आगो सल्काउँदै जनताको माझमा जान मन थियो । जनतालाई चुसेर दीनहीन बनाउने शोषकहरूका



विरुद्ध विशाल जनसागर उरालेर वर्गसङ्घर्षको मैदानमा लान मन थियो । जागीर बाध्यता थियो । जागृति अभियानमा संलग्नता स्वैच्छिक थियो । वाध्यता र स्वेच्छा आपसमा टकराउँथे । यो टक्कर उहाँको मनमैदानमा हुन्थ्यो । यो त एउटा उदाहरण मात्रै हो । उहाँलाई मनोद्वन्द्वको अवस्थामा पुऱ्याउने यस्ता अनेकौं विषयहरू थिए । प्रश्नै प्रश्नका यस्ता सयौँ दोबाटा र चौबाटाहरूमा निर्णय लिनु अघि निर्णयलाई प्रभावित पार्न आफ्ना मनभित्र आएका लोभ र भयसित निर्मम युद्ध लड्नु भएको छ कृष्ण सेन । निष्ठा, निर्लोभ र निर्भयतालाई जिताउनु भएको छ । त्यसैकारणले उहाँको क्रान्तिकारिता सम्पुष्ट छ ।

इच्छुक सिद्धान्तनिष्ठ स्रष्टा हुनुहुन्छ । तर उहाँको सिद्धान्तमा कतै पनि यान्त्रिकता भेटिँदैन । उहाँको जीवनमा सिद्धान्त र सिद्धान्तमा जीवन त्यसरी आएको छ जसरी पातमा हरियो आउँछ । कृष्ण सेन जनताका कवि हुनुहुन्छ । जनतामै गएर कविता लेख्नुभएको छ । जनतालाई नै सुनाउनु भएको छ । वास्तविक अर्थमा जनवादी कवि हुनुहुन्छ । कृष्ण सेनको काव्यमा खास चमत्कार के हो ? भनेर सोध्नेहरूका मुखमा हेरेर खिस्स हाँस्न मात्रै सकिन्छ । कृष्ण सेनको जीवनदर्शन, आस्था र निष्ठाको सागरमा प्रवेश नगरीकन उहाँका कविताको वास्तविक अर्थ खुल्दैन ।

कृष्ण सेनको लेखकीय फलक व्यापक छ । राष्ट्रिय जीवनमा व्याप्त जाति, क्षेत्र, लिङ्ग आदि आधारमा भएका उत्पीडनको विरोधमा सशक्त आवाज उठाउनु भएको छ । त्यो पनि बाहिर बसेर होइन, उत्पीडितहरूको जीवनको मर्मस्थलमै पसेर, समग्र मुक्तिलाई वर्गसङ्घर्षको कडीमा दह्रोसित जोडेर । उहाँको चिन्तन यत्तिमा सीमित छैन । समकालीन विश्वमा चलेका मुक्तियुद्धबाट उहाँ राम्रोसित परिचित र प्रभावित मात्रै हुनुहुन्न त्यसको समर्थनमा आवाज बुलन्द गर्नु भएको छ । साम्राज्यवादको विरुद्धमा जोडदार ढङ्गले प्रतिरोधको वैश्विक आवाज पनि उठाउनु भएको छ ।

*तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध*

*अकालग्रस्त अफ्रिका महादेशदेखि*
*अभावग्रस्त एशिया महाद्वीपसम्म*
*उत्पीडनग्रस्त ल्याटिन अमेरिकादेखि*
*विघटनग्रस्त पूर्वी युरोपसम्म*
*मृत्यु र महाविनासको पसल थापेर*
*मैले बेचिरहेको छैन बन्दुक*

*प्रत्येक अफगानका घरघर युद्ध भड्काउँदै*
*बोस्नियाका प्रत्येक टोलटोलमा रक्तपात मच्चाउँदै*
*मैले बेचिरहेको छैन बन्दुक*

*कैले जाति र सम्प्रदायका नाममा*
*फूट र विभाजनका रेखाहरू कोरेर*
*कतै धर्म र कतै वर्णका नाममा*
*घृणा र विद्वेषको बीजारोपण गरेर*
*रुवाण्डाली जनताको नरसंहार गराउँदै*
*प्रत्येक हुटु र तुत्सीका हात हात एकसाथ*
*मैले बेचिरहेको छैन बन्दुक*

कृष्ण सेनमा मितभाषिता छ । अर्घेलो एक शब्द पनि बोल्नुहुन्न । मृदुभाषिता छ । वर्गवैरीसित चट्टानभन्दा कठोर इच्छुक वर्गमित्रसित नौनीभन्दा नरम हुनुहुन्छ । स्पष्टवादिता छ । उहाँका मुखबाट मुखेन्जी एउटा कुरो र पिठ्यूँपछाडि अर्को कुरा सुन्नु सम्भव छैन । समय सचेतना छ । निर्धारित समयमा ठाउँमा नपुग्ने र अर्काको समयलाई अपमान गर्ने रोगबाट उहाँ मुक्त हुनुहुन्छ । इतिहासबोध छ । मानव सभ्यताको विकासमा श्रम र सङ्घर्षको भूमिकालाई राम्ररी अध्ययन तथा आत्मसात गर्नु भएको छ । कृष्ण सेनको जिम्मा जमानी अचुक छ । निर्णय गर्ने, जिम्मेवारी स्वीकार्ने अनि निर्णय र वचनबद्धतालाई बेवारिश छाडेर बतासिने गैरजिम्मेवार प्रवृत्तिले उहाँलाई चियाउन पनि सक्तैन ।

गल्ती गर्ने अनि त्यसलाई सच्याउनुको साटो ढाकछोप गर्नतिर दत्तचित्त हुने प्रवृत्तिको मनोवैज्ञानिक अर्थ हो–उसलाई निरन्तर गल्ती र निरन्तर ढाकछोपमै फाइदा छ । त्यसैकारणले गल्ती बताइदिँदा ऊ झडङ्ग रिसाउँछ । जलप जेको लगाए पनि भित्री उद्देश्य त व्यक्तिगत फाइदा नै हो । कृष्ण सेनलाई कहींनेर पनि यस्तो ढाकछोप र ढाँटछलको सहारा लिनु परेन ।

इच्छुक एउटा ऐना पनि हो जसमा हामीले आफ्नो अनुहार हेर्न सक्छौं । इच्छुक हाम्रो क्रान्तिकारिता जाँच्ने कसी पनि हो र क्रान्तिकारितालाई उध्याउने ढुङ्गो पनि हो । त्यो ऐनामा आफ्नो अनुहार नहेर्ने, त्यो कसीमा आफूलाई नघोट्ने र त्यो ढुङ्गामा आफूलाई नउध्याउने हो भने इच्छुक सन्दर्भका तमाम बहसहरू बुद्धिविलासभन्दा बाहिर जाँदैनन् ।

## गौरी दाहालका दुई कविता

### इतिहासको यस घडीमा



● गौरी दाहाल ●

*(शिर्षक कृष्णसेनको)*
*इतिहासको यस घडीमा*
*पल्टाइरहेछु जनादेशका*
*ब्ल्याक एण्ड ह्वाइट*
*पत्रहरू*
*हेरिरहेछु एकोहोरिएर*
*भिडन्तको फायरिङ्गले*
*छियाछिया सतिसालका आङ्हरू*
*अनगिन्ती भ्वाङ्ग लिएर पनि*
*इमान्दार सिपाही झैँ उभिरहेकैछन्*
*अर्को कासन पर्खिएर*

*तर बिडम्वना*
*इतिहासको यस घडिमा*
*तिनै सतिसालले जोगाएका*
*कयौँ कमान्डरहरू*
*मच्चि मच्चि भाषण गरिरहेछन्*
*ज्वज्वल्यमान सिंहासनबाट*
*धनमोर्चा र डनमोर्चाहरूमा*
*प्रष्टसँग देखिरहेछु*
*ताली पिटिरहेका*
*वृहत्तर मास*
*हो मा हो मिलाउँदै*
*सती गैरहेका रङ्गीन लाइनहरू*

*इतिहासको यस घडीमा*
*कोही हास्दै नाच्दै गैरहेछन्*
*कोही रूँदै चिच्याउँदै गैरहेछन्*
*आखिर जानेहरू*
*जसरी गए पनि सती गैरहेछन्*
*सतीसालहरू*
*आफ्नै जरामा उभिरहेकै छन्*
*सामाजिक विरूपता विरूद्ध*
*प्रतिरोधहरू सुसेल्दै*
*इतिहासको यस घडीमा*
*अर्को कासन पर्खिएर*
*सतीसालहरू उभिरहेकै छन्*
*जानेहरू गैरहेछन्*
*सतीसालहरू उभिरहेकै छन्*
*इतिहासको यस घडीमा ।*
*२०७५/२/१३*

### माटो, मान्छे र माछा

*माटो कहाँ माछा हो र ?*
*आयतनको कमीमा आहारा बन्ने*
*माटो त उर्जा हो*
*मुक्तिकामीहरूको*
*माटो र मुक्तिको सपथमाथि*
*क्रूर बन्नेहरू माटो उजाड पारेर*
*निलिरहन्छन् सुत्केरीको सालनालसम्म*
*र झस्काइरहन्छन् विश्व बेलाबेलामा*
*आफ्नै माटोमा चिलबिल पारिरहदा*
*चित्कार मात्रै कहाँ निस्किन्छ र ?*
*भिजाउन पनि त सक्छ*
*मान्छेले पूरै माटो*
*रातो बनाएर !*

*मान्छे काहाँ माछा हो र ? !*
*प्रदुषित भए पनि*
*समुन्द्र नै चाहिने*
*मान्छे त अन्यायको सागरबाट*
*बाँकटे हानेर*
*उजाड पार्न चाहान्छ*
*हेर्जेलवादी बगैंचा*
*र पूरा गर्न चाहान्छ*
*न्यायको अधुरो गीत*
*सहँदैन मान्छे*
*आफ्नै माटोसँगको बिच्छेद*
*बस्दैन झोत्राएर सजिव रगत*
*न त चिस्याउन नै सक्छ*
*आधुनिक उपकरणले*
*माटो र मान्छेको सम्बन्ध*
*त्यसैले त उठिरहन्छन् बेलाबेलामा*
*बिच्छेद विरूद्ध पेचिला आवाजहरू*
*आवाजको बेवास्ता गर्दा*
*माटो उजाड पार्ने त्रियाको प्रतिरोधमा*
*मुछ्न पनि त सक्छ*
*मान्छेले पूरै माटो आफ्नै रगतले*
*र टाल्न पनि त सक्छ*
*विस्तारवादको सुरूङ्ग त्यही माटोले !*
*२०७१ भाद्र १४*

## राष्ट्रिय...

भूभागमा अनधिकृत प्रवेश गर्ने, नेपाली जनतालाई आतंकित र त्रसित तुल्याउने काम गर्दै आएको छ। ठूलो मात्रामा सीमास्तम्भहरू भत्काउने, सार्ने र गायब पार्ने प्रक्रिया तीव्र गतिमा बढ्दै गएको छ। स्थिति यसरी गम्भीर बन्दै जाँदा पनि नेपाल सरकार बेखबर र अत्यन्तै गैरजिम्मेवार बनेर बसेको छ। सीमा क्षेत्रमा नेपाली सुरक्षाबल अत्यन्तै कमजोर र करिब नगण्य अवस्थामा छ। कालापानी क्षेत्रमा भारतीय सुरक्षाबलले कब्जा जमाएर बसेको वर्षौं भइसकेको छ। तर त्यहाँ नेपाली सुरक्षाबलको उपस्थिति नै छैन। ठूलो संख्यामा सीमा मिचिँदा, सीमास्तम्भ गायब पारिँदा तथा सारिंदा नेपाल सरकार पूरै मौन बनेर बसिरहेको छ। दुई देश बीचका सीमा समस्याको समाधान खोज्ने भनेर परराष्ट्र मन्त्रीस्तरीय रूपमा कैयौं बैठकबसे र दुवै देशका विदेशसचिवहरूलाई निकासको जिम्मा दिइयो। तर, यस क्षेत्रमा कुनै काम हुन सकेन। यसैबीच दुई देशका प्रतिनिधि राखेर प्रबुद्ध व्यक्ति समूह गठन गरियो र त्यसलाई सीमा समस्या तथा सन् १९५० लगायतमा भएका असमान सन्धिहरूको अध्ययन गरी प्रतिवेदन बुझाउने जिम्मा दिइयो। त्यसले प्रतिवेदन तयार पार्यो। त्यसमा लेखिएका कुरा जनतालाई थाहा छैन। तर त्यो प्रतिवेदन भारतका प्रधानमन्त्रीले बुझ्न मानेनन्। यसैबीच गत भदौमा सीमा समस्याबारे अध्ययन गर्न दुवै देशका विदेशसचिवहरूलाई फेरिपनि जिम्मा दिइयो। परन्तु गम्भीर विडम्बना, यी सबै विषयलाई पूरै लत्त्याई भारत सरकारले अहिले कालापानी क्षेत्रलाई आफ्नो भूभागमा पारेर जसरी नयाँ नक्सा बनाउने धृष्टता गरेको छ, त्यो एकातिर भारतको विस्तारवादी चरित्रको कुरूप नमुना हो भने अर्कातिर आफैले सहमति गरेका दुईपक्षीय मान्यताको ठाडो उल्लङ्घन पनि हो। भारतले यसरी सीमा मिच्दा, हेप्दा र अतिक्रमण गर्दा पनि नेपाल सरकारद्वारा विषयलाई गम्भीरतापूर्वक लिइएको पाइँदैन।

स्मरण रहोस्, १५ मे २०१५ मा नेपाललाई पूरै उपेक्षा गरी भारत र चीन मिलेर नेपाली भूभाग लिपुलेकलाई द्विपक्षीय व्यापार नाका बनाउने जुन सम्झौता गरिएको थियो, त्यसको नेपालका सम्पूर्ण देशभक्तले सशक्त विरोध गरे र लामो समयसम्म आन्दोलन जारी रह्यो। चीनले आफ्नो त्रुटि सच्याउने संकेत दियो। परन्तु, नेपाल सरकारले त्यसबारे कुनै गम्भीर पहल गरेन र गर्न पनि चाहेन। भारतद्वारा गरिँदै आएको सीमा अतिक्रमणको विरोध र नेपालको वास्तविक सीमाबारे नेपालका विभिन्न तहका बुद्धिजीवी, इतिहास तथा सीमाविद्, परराष्ट्र विशेषज्ञ, पत्रकार र अनुसन्धानकर्ताहरूद्वारा अत्यन्तै गम्भीरताका साथ बारम्बार विषयलाई उठाइँदै आएको छ। परन्तु, यसबारे पनि नेपाल सरकारले ध्यान दिएको पाइँदैन।

भारतले कालापानी क्षेत्रलाई आफ्नो भूभागमा गाभेपछि त्यसविरुद्ध नेपाल एकढिक्का भएर उठ्यो। यो राम्रो कुरा हो।सरकारले पनि कालापानी क्षेत्र नेपालकै हो भनेर वक्तव्यसम्म दियो। यो पनि राम्रै कुरा हो। प्रायशः सबै क्षेत्रबाट सीमा अतिक्रमण सम्बन्धी विषयलाई सुल्झाउनका लागि सरकारसित कूटनीतिक तथा राजनीतिक पहल अघि बढाउन विशेष आग्रह गरिएको छ। परन्तु, प्रधानमन्त्रीका अभिव्यक्तिमा भने भारतको मिचाहा र हेपाहा प्रवृत्तिप्रति कुनै आक्रोश, आवेग र देशभक्तीय संवेदनशीलता मुखरित भएको एवं समस्या समाधान गर्न आवश्यक तत्परता देखाइएको पनि पाइँदैन। यो निकै दुःखद विषय हो।

महाकाली नदीपूर्व लिम्पियाधुरा, कालापानी हुँदै लिपुलेकसम्मको समग्र क्षेत्र नेपाली भूभाग नै हो भन्नेमा यथेष्ट र प्रचुर प्रमाणहरू छन्। यस सन्दर्भमा पहिलो ऐतिहासिक प्रमाण सन् १८१६ को सुगौली सन्धि नै हो। सुगौली सन्धिमा स्पष्ट रूपमा काली अर्थात् महाकाली नदीलाई सीमा नदी किटान गरिएको छ। त्यसरी हेर्दा काली नदीपूर्व लिम्पियाधुरा, लिपुलेकसहितको समग्र भूभाग नेपालकै ठहर्छ। पछि ब्रिटिस-भारतले कालापानीको एउटा भागमा काली मन्दिर बनाई त्यहींनेरको तिरतिरे धाराबाट बग्ने खोल्सोलाई कृत्रिम रूपमा काली नदी बताउँदै, तथ्यलाई तोडमोड गर्दै र सीमा नदीको नामाङ्कन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डलाई पूरा लत्त्याउँदै आउने काम गरेको छ। यो देशभक्त नेपालीहरूका लागि कदापि सह्य र मान्य हुन सक्दैन। दोस्रो, २०१८ सालमा काली नदीपूर्वको लिम्पियाधुरासहितको भूभागमा रहेका गाउँबस्तीमा जनगणना गरिएको सबुत प्रमाण सुस्पष्ट नै छ। तेस्रो, त्यहाँको जग्गाजमिन नेपालीले नै भोग चलन गर्दै आएका थिए। यससम्बन्धी लगत र तिरो बुझाएका रसिद प्रमाण सुरक्षितै छन्। चौथो, सन् १९६२ मा भारत-चीनयुद्ध हुँदा त्यसको आसपासमा भारतले अनधिकृत रूपमा नेपालको उत्तरी सिमानामा थुप्रै चेकपोस्ट राखेको थियो र पछि कालापानी क्षेत्रको बाहेक सबै चेकपोस्ट हटाइएका थिए। तत्कालीन सरकारको लापरबाहीले गर्दा सो क्षेत्रको चेकपोस्ट हट्न बाँकी थियो र त्यसलाई हटाउन माग राख्दै विभिन्न रूपमा आन्दोलन हुँदै आएका छन्। आन्दोलनको प्रक्रिया अहिलेसम्म पनि जारी नै छ।

अब यस प्रकारको गम्भीर तथा संवेदनशील स्थितिमा सर्वप्रथम हामीले भारतद्वारा अतिक्रमित नेपाली भूभाग फिर्ता नगरिँदासम्म विस्तारवादविरोधी आन्दोलनलाई जारी राख्नुपर्छ। भारतद्वारा अतिक्रमित नेपाली भूभाग फिर्ता गराउने सन्दर्भमा सरकारले एकातिर इमानदार तथा जिम्मेवार भई आफ्ना कूटनीतिक तथा राजनीतिक पहललाई तीव्र गतिमा बढाएर लग्नुपर्छ भने, अर्कातिर महाकाली पूर्वको लिम्पियाधुरासमेत समस्त कालापानी, लिपुलेकसहितको भूभागलाई समेटेर अविलम्ब नेपालको नयाँ नक्सा निर्माण गर्नुपर्छ। अनि कालापानी क्षेत्रमा अवस्थित भारतीय सुरक्षाबललाई हटाई सो ठाउँमा नेपाली सुरक्षाबल तैनाथ गर्नुपर्छ। सो क्षेत्रसहित देशका सीमा क्षेत्रमा सुरक्षाबल थप्नुपर्छ। सीमा क्षेत्रमा भत्काइएका, सारिएका र गायब पारिएका सीमास्तम्भहरूलाई शीघ्रातिशीघ्र पुनःस्थापित गर्नुपर्छ। भारतद्वारा फेरि पनि आफ्नो विस्तारवादी चरित्रलाई यथावतै कायम राख्न खोजियो भने त्यस स्थितिमा एकातिर विषयलाई प्रभावकारी रूपमा अन्तर्राष्ट्रियकरण गर्नुपर्छ र अर्कातिर सम्पूर्ण देशभक्त नेपालीहरू एकढिक्का भई बृहत्, व्यापक तथा सशक्त संयुक्त राष्ट्रिय आन्दोलनमा उत्रनुपर्छ। साथै, नेपाल सरकार वा सत्ताधारी वर्ग सीमा अक्रिमणको विरोध गर्नेबारे अझै पनि गम्भीर देखिएन भने त्यसका विरुद्ध पनि सशक्त रूपमा आन्दोलन अगाडि बढाउनुपर्छ।

आज हामीले फेरि एकपटक नेपालको वीरतापूर्ण इतिहासलाई सम्झनु आवश्यक छ। अंग्रेजसितको युद्धका बेला नेपालले एउटा कालखण्डमा देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षाको प्रश्नमा त्याग, वीरता, साहस र बलिदानको अनुपम कीर्तिमान कायम गरेको थियो र त्यो विश्वइतिहासमा सदाका लागि अंकित रहिआएको छ। अब हामी सबै देशभक्त नेपाली इतिहासबाट ऊर्जा र उत्प्रेरणा प्राप्त गरी देशको राष्ट्रिय स्वाधीनताको रक्षाका खातिर फेरि अर्को नयाँ कीर्तिमान कायम गर्न दृढतापूर्वक अगाडि बढ्नुपर्ने उपयुक्त समय आएको छ।

## श्रद्धाञ्जलीसहित...

सल्लाह बमोजिम आइतबार मात्र मुटुको अपरेसन गरी भल्व फेरिएको थियो। अपरेशन गरी भल्व फेर्न चिकित्सकहरू सफल भए पनि अचानक प्रेसर कमी भई मृत्यु हुन पुगेको बताइएको छ।

बालक दाहालको आजै पशुपति आर्यघाटमा अन्तिम श्रद्धाञ्जलीसहित अन्त्यष्टी गरिएको छ। श्रद्धाञ्जलीसहितको अन्त्यष्टीमा नेकपा (क्रान्तिकारी माओवादी)मा स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, पार्टीका पीवीएम दिनेश शर्मा, पवनमान श्रेष्ठ, सुरेश श्रेष्ठ, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरि कृष्ण गजुरेललगायत पार्टी तथा सम्बद्ध जबस मोर्चाका केन्द्रीय नेताहरू तथा विभिन्न विद्यार्थी संगठनका नेताहरूको बाक्लो उपस्थिति रहेको थियो। अध्यक्ष गजुरेलले पार्टी तथा मोर्चाको तर्फबाट श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्दै संगठनका महासचिव दाहाल लगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका थिए। उपस्थित सबैले अखिल (क्रान्तिकारी)का महासचिव दाहाल लगायत शोकाकूल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै दिवंगत प्रज्वल दाहालप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका थिए। प्रज्वल दाहाल महासचिव पेशल दाहालका एक्लो सन्तान थिए।

यसैबीच अखिल (क्रान्तिकारी) का अध्यक्ष हरिकृष्ण गजुरेलले एक वक्तव्य जारी गरी संगठनका महासचिव पेशल दाहालका छोरा प्रज्वल दाहालको भएको असामियक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै दिवंगत प्रज्वल दाहालप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेको छ र महासचिव पेशल दाहाल लगायत शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेका छन्।

## नेपाली भूमि...

भन्दै नेपाल राष्ट्रको सार्वभौमिकता, भौगोलिक अखण्डताको रक्षा गर्न यहाँको दलाल संसदीय व्यवस्थाको विकल्पमा उत्पीडित जातिहरूको पहिचानमा आधारित संघीय जनगणतन्त्रात्मक व्यवस्था स्थापना अपरिहार्य रहेको चर्चा गरे। नेता कँडेलले त्यसकारण राष्ट्रिय स्वाधीनता र जनतन्त्रको आन्दोलनलाई एकसाथ अगाडि बढाउनु पर्ने बताए। नेपालको कालापानी क्षेत्र लगायत दशहजार वर्गकिमि भूमि गायब पारिदा चुँसम्म नबोल्ने ओली नेतृत्वको सरकार देशव्यापी जनताको दबाबका कारण सरकारले कालापानी क्षेत्र नेपाली भूमि हो भने पनि उक्त भूमि फिर्ता गराउनका निम्ति कुटनीतिक तथा राजनीतिक रूपमा जुन पहलकदमी गर्नु पर्ने त्यो नगर्नु र यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नु हुँदैन भनेर भन्नुले यो सरकारकै सहमतिमा नै भारतले नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरा आफ्नो नक्सामा गाभेको त होइन भन्ने गम्भीर आशंका उत्पन्न भएको पनि बताए। प्रवक्ता कँडेलले नेपाली सेना र सशस्त्रलाई सीमा सुरक्षाका लागि तत्काल परिचालन गर्नुपर्ने धारणा राख्दै आम देशभक्त र क्रान्तिकारी शक्ति एक भएर राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डता रक्षाका आन्दोलनलाई निर्णायक रूपमा अगाडि बढाउनुपर्ने धारणा व्यक्त गरे।

नेता कँडेलले बद्नाम, अलोकप्रिय र असफल भएको प्रतिक्रियावादी दलाल संसदीय व्यवस्थाले आयोजना गरेको कथित उपनिर्वाचनको बहिस्कार आन्दोलनको क्रममा आफ्नो पार्टीका नेता कार्यकर्ता गिरफ्तारी गरेको र अपराधीलाई झैं हत्कडी लगाएर ओली सरकारले निरंकुश र फासिवादी कदम चालेको भन्दै सरकारको उक्त कदमको घोर भर्त्सना एवम् कडा शब्दमा निन्दा गर्दै गिरफ्तार गरिएका सबै नेता कार्यकर्ताहरूको अविलम्ब रिहाइको माग समेत गरे। पार्टीका मोरङ सचिव बादलले सञ्चालन गरेको कोणसभामा मधेसी राष्ट्रिय मुक्ति मोर्चा, नेपालका सचिव सुधिर मण्डल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय सदस्य सेवन्तराज भण्डारीलगायतले पनि भारतीय हस्तक्षेपको चर्को विरोध गरेका थिए।

## चितवनमा...

कोणसभालाई नेता घननाथ सापकोटाले सम्बोधन गरेका थिए।

त्यसैगरी मोर्चाले मंसिर १० गते जिल्ला प्रशासन कार्यलयमा भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमि फिर्ताका लागि सरकारलाई दबाब दिन र वास्तविकस नेपालको नक्सा सरकारी कार्यालयमा प्रयोग गर्न अनुरोधसहित ज्ञापन पत्र बुझायो। मोर्चाका चितवन अध्यक्ष बाबुराम प्यासीद्वारा ज्ञापन बाचन गरी प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र हस्तान्तरण गरिएको थियो भने मोर्चाका पूर्व केस अशोक शर्माद्वारा नेपालको नक्सा हस्तान्तरण गरिएको थियो।

ज्ञापनपत्र बुझाएपछि प्रजिअ कार्यलयबाट र्यालीसहित बसपार्क चोकमा पुगेर कोणसभा सम्पन्न गरिएको थियो। सभालाई देजमोका पूर्व शर्माले सम्बोधन गरेका थिए।

चितवन जिल्लाका उप-निर्वाचन हुने तीनवटा वडाहरू भरतपुर महानगरपालिका को १६ नं. वडा र खैरनी नगरपालिका वडा न. ४ र ५ मा मोर्चाले उप निर्वाचन बहिस्कारको पक्षमा व्यापक प्रचार प्रसार गरिनुका साथै पर्चा वितरण लगायतका कार्यक्रम सम्पन्न गरेको छ।

यसैबीच, बिहीबार भरतपुर १६ स्थित फुर्तिचोकमा एक शक्तिशाली बम बिस्फोट भएको छ। भरतपुर महानगरपालिका वडा न. १६ मा यहि १४ गते वडा अध्यक्षको लागि मतदान हुँदैछ। चुनावलाई लक्षित गरि बम विस्फोट गराएको हुन सक्ने त्यहाँका स्थानीय जनताले आशंका गरेका छन्। यो विस्फोटबाट स्थानीय जनतामा त्रास उत्पन्न भएको र चुनावमा मतदान गर्न जाँदा असुरक्षित हुने मनोविज्ञान बढेर गएको स्थानीयहरूका भनाइ छ। विस्फोटको घटनापछि उक्त क्षेत्रमा ठूलो संख्यामा नेपाली सेना, ससस्त्र प्रहरी र जनपद प्रहरी परिचालन गरिएको छ।

## उपनिर्वाचन...

क्रान्तिकारी माओवादी तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले राष्ट्रिय स्वाधीनता र उपनिर्वाचन बहिस्कारको आन्दोलनलाई एकसाथ अगाडि बढाएको थियो। उपनिर्वाचन बहिस्कारको क्रममा देजमो, नेपालले कास्कीको पोखरा, दाङको हापुरे, सुनसरीको धरान, भक्तपुरको ठिमी, बाँकेको कोहलपुर, कञ्चनपुरको पुनर्वास, बैतडी, चितवनको भरतपुर, सल्यानको कुमाख मालिका लगायतका स्थानमा बहिस्कार सभा तथा कोणसभा सम्पन्न गर्‍यो। बहिस्कार आन्दोलनकै क्रममा कार्यक्रममा समेत हस्तक्षेप गरी प्रहरीले धरानबाट नेताहरू मोहन लिम्बु, विमल लगायत १० जना, सिन्धुपाल्चोकबाट नेता फुर्नाम्गेल मोक्तानसहित ४ जना, भक्तपुरबाट पर्चा छरेको आरोपमा मोर्चाका २ जना, दाङबाट पार्टी नेताहरू हिरामणि दुःखी, निरज केसी लगायत ६ जना, सल्यानबाट नेताहरू चक्रपाणि शर्मा, दीपकबहादुर शाही लगायत ४ जना, बाँकेबाट नेताहरू भुपेन्द्र न्यौपाने, तेजविक्रम शाही लगायत १३ जना, रामेछापमा नेता गणेश खड्गीसहित दुई जना गरी ४१ जनालाई गिरफ्तार गर्‍यो। अन्य जिल्लामा दबाबका कारण छाडिए पनि धरान र सल्यानबाट गिरफ्तार गरिएका नेता कार्यकर्ताहरूलाई भने अझै छाडिएको छैन। उनीहरूलाई अपराधीलाई झैं हत्कडी लगाएर हिरासतमा राखिएको बुझिएको छ।

यसैबीच, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले देजमो, नेपालको नेतृत्वमा भएको उपनिर्वाचन बहिस्कार आन्दोलन सफल भएको बताएका छन्। वर्गदृष्टिसँग संक्षिप्त कुरा गर्दै अध्यक्ष गजुरेलले मूलतः मोर्चाले भनेको बहिस्कार आन्दोलन नीतिगत भएको हुनाले यो सफल भएको बताए। रिक्त भएका पदहरूको लागि गरिएको निर्वाचन भएकोले यसको राष्ट्रिय राजनीतिमा खासै ठूलो महत्व नभएको चर्चा गर्दै अध्यक्ष गजुरेलले अहिले संसदवादीहरूले भनेजस्तो यो उपनिर्वाचन जनमत संग्रह या अरु कुनै केही पनि नभएको टिप्पणी गरे। अहिले यो सरकार तथा व्यवस्था बद्नाम, अलोकप्रिय र असफल बन्दै गएको र सत्तारुढ पार्टीकै नेताहरू तथा सांसदहरूले समेत यो सरकार, व्यवस्था र संविधानको भण्डाफोर गर्न थालेको अवस्थामा हामीले लिएको बहिस्कारको नीति एकदमै सही भएको चर्चा गर्दै यो सरकारको यति चाँडै भण्डाफोर तथा अलोकप्रियता बढ्नुमा मोर्चाले यसअघि भएका तीनवटै निर्वाचनको उपयोग गर्ने क्रममा गरेको व्यापक भण्डाफोर अभियानले पनि भूमिका खेलेको दाबी गरे। त्यसबेला 'समृद्ध नेपाल सुखी नेपाली' र समाजवादउन्मुख संविधान जस्ता शब्दले जनतामा असाध्यै ठूलो भ्रम रहेकोले उनीहरूकै मञ्च प्रयोग गरेर आफूहरूले सरकार, व्यवस्था, सत्ता तथा संविधानको भण्डाफोर गर्ने नीति लिएको विश्लेषण गर्दै अध्यक्ष गजुरेलले आज आएर अब जनतालाई यो व्यवस्था, सत्ता तथा संविधान र सरकारप्रतिको भ्रम साफ भएको र जनताले विकल्प खोज्ने स्थिति पैदा भएको चर्चा गरे।

सभामुख महरा र आलम प्रकरणले संसदीय व्यवस्था हत्यारा र बलात्कारीहरूको व्यवस्था रहेछ भन्ने परेको टिप्पणी गर्दै अध्यक्ष गजुरेलले २१ महिनामा ८१ जनामा जनप्रतिनिधिहरूलाई विभिन्न मुद्दामा बद्नाम भएको फेहरिस्त प्रस्तुत गरे। संसदीय व्ययवस्थामा गुण्डा र पैसाको बलमा चुनाव जित्ने कुरा स्पष्ट भएको भन्दै चुनाव जितेका अधिकांश ठेगदार, तस्कर, माफिया र भ्रष्टाचारी भएको दाबी गरे। 'जसको पैसा उसकै चुनाव' हुन्छ संसदीय व्यवस्थामा भन्ने स्थापित भएको छ।

मोर्चाको बहिस्कार आन्दोलनको क्रममा शान्तिपूर्ण रूपमा भएका कार्यक्रममा समेत हस्तक्षेप गर्नु, नेता कार्यकर्ताहरूलाई अनावश्यक रूपमा हत्कडी लगाउनु, यहाँसम्म कि पर्चा वितरण गरेको आरोपमा समेत नेता कार्यकर्ताहरू गिरफ्तार गरिनुले यो सरकार कति निरंकुश र फासिवादी छ भन्ने कुरा स्पष्ट पारेको छ भन्दै अध्यक्ष गजुरेलले कुराकानीको क्रममा भने, "हामीले सोचेभन्दा निकै कमजोर पायौं यो सरकारलाई। हामीले बाँडेको पर्चाबाटै सरकार आतंकित बन्न पुग्यो।" उनले भने, "पर्चा वितरण गर्दा पनि नेता कार्यकर्तालाई किन गिरफ्तार गरेको भनेर सिडिओहरूलाई सोध्दा समेत उनीहरूले पर्चा वितरण गर्नेलाई पनि नछाड्नु भन्ने माथिबाट आदेश आएको छ भने।"

अध्यक्ष गजुरेलले बहिस्कार आन्दोलनको क्रममा नेता कार्यकर्ताहरू गिरफ्तारमा पर्दा पार्टी, मोर्चा र लिएको नीति अझ बढी देशव्यापी रूपमा स्थापित हुन पुगेको पनि विश्लेषण गरे।


# वर्ल्डलिंकले दक्षिण एशियाली खेलकुद हुने स्थानमा निःशुल्क

## तीब्र गतिको इन्टरनेट उपलब्ध गराउने

छिटो भनेकै WORLDLINK

काठमाडौं वर्ल्डलिंक कम्युनिकेशनले दक्षिण एशियाली खेलकुद (साग) हुने सबै रंगशालाह?मा खेल अबधिभर उच्च गतिको इन्टरनेट निःशुल्क उपलब्ध गराउने भएको छ . प्रयोगकर्ताले आफ्नो मोवाइल नम्बरबाट लगइन गरेर दैनिक ! जिवी डाटा दैनिक ?पमा निःशुल्क प्रयोग गर्न पाउने छन् . वर्ल्डलिंकले यसका लागि फेसबुकको प्लेटफर्म एक्स्प्रेस वाइफाइसँग सहकार्य गरेको छ . काठमाडौं र पोखरामा डिसेम्बर ! देखि !) सम्म हुन गइरहेको यस तेह्रौं एशियाली खेलकुदमा २७ वटा विभिन्न खेलका प्रतियोगिता हुनेछन् . यसमा नेपाल, मालदिभ्स, भुटान, बंगलादेश, भारत, पाकिस्तान र श्रीलंका गरी ७ देशका खेलाडीले भाग लिनेछन् . मुख्य खेल हुने स्थान दशरथ रंगशाला, त्रिपुरेश्वर कभर्डहल, सातदोबाटो स्पोर्टस कम्प्लेक्स, आर्मी फिटनेस सेन्टर लगनखेल, पोखरा रंगशाला, पोखरा कभर्डहलमा वर्ल्डलिंकको निःशुल्क वाइफाइ उपलब्ध हुनेछ . वर्ल्डलिंक नेपालको इन्टरनेट सेवा प्रदायक सबैभन्दा ठ"लो कम्पनी हो . वर्ल्डलिंकले नेपालका दुर्गममा समेत निःशुल्क इन्टरनेट उपलब्ध गराइरहेको छ . हरेक ! लाख प्रयोगकर्ताले ६ हजार वाइफाइ स्थानबाट निःशुल्क इन्टरनेट चलाउँछन् . फेसबुकसँग जोडिएर उसको एक्स्प्रेस वाइफाइ प्लेटफर्ममार्फत वर्ल्डलिंकले दुर्गममा निःशुल्क वाइफाइ वितरण गरिरहेको छ . एकस्प्रेस वाइफाइ फेसबुकको विश्वभरका मानिसलाई इन्टरनेटमा जोड्ने कार्यक्रम हो .

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस्।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

| काठमाडौं सम्पर्क नम्बर | | गाईघाट सम्पर्क नम्बर | |
|---|---|---|---|
| बसन्त खड्का | ९८४२८३७७९३ | फोन नं. | ०३५-४२१६४३ |
| | ९८१७७१९६९७ | पुरुषोत्तम खनाल | ९८५२८३५६९० |
| ईन्द्र कट्टेल | ९८१८४१५२९० | | ९८१५७८४८७४ |

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

टाटासुमो बोलेरो

| काठमाडौं फोन | सिन्धुली फोन |
|---|---|
| ०१-५१००४९४ | ०४७-५२११६९ |
| ९८४११०६९६७ | ०४७-६९१३३२ |
| ९८४४४०३१५९ | ९७४४०२२७३५ |
| यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ। | ९८४४२५२३८५ |
| | ९८१२०७५६९८ |
| | ९८६०१०२७३७ |
| | ९८४४००८४०० |

## आलोपालो

# असल नेता कसरी बन्ने ? २

(अप्रिल २२, १९४३)

● **चाउएनलाइ** (**अनुः कृष्णदास श्रेष्ठ**)

शुद्धीकरण आन्दोलनबारे आफ्नो एउटा प्रतिवेदनमा कामरेड माओत्सेतुङले पनि "बेइमान" भएकोमा यस्ता मानिसहरूको आलोचना गर्नुभएको छ । त्यो "जहाँतहीं दौडाहामा जाने साम्राजी दूतहरू" को कमजोरी हो । कार्यकर्ता राजनीतिक दृष्टिले विश्वासयोग्य भए पनि उसलाई (समय, ठाउँ र स्थिति हेरेर) उचित ढंगबाट प्रयोग गर्नु महत्वपूर्ण छ ।

घ) कामको समीक्षा हुनुपर्छ । कार्यकर्ताहरूको काम र कार्ययोजनाको कार्यान्वयनको समीक्षा हुनुपर्छ । स्टालिनको भनाइअनुसार, समीक्षाका उद्देश्यहरू यी हुन् : पहिलो, कार्यकर्ताहरूको योग्यता जान्नु, दोस्रो, कार्यकारिणी यन्त्रका गुण-अवगुणहरूलाई निर्धारित गर्नु, र तेस्रो, प्रस्तुत अभिभारा वा निर्देशनहरूका गुण र दोषहरूलाई निर्धारित गर्नु । .. कोही नेताहरू के ठान्छन् भने, यस खालको समीक्षाले उनीहरूका आफ्ना कमजोरीहरूको पर्दाफास गरेर उनीहरूको प्रतिष्ठालाई धमिल्याउनु वा उनीहरूको आत्मविश्वासलाई धर्मराउनु सम्भव छ । यो गलत कुरा हो । आफ्ना गल्तीहरूलाई ढाकछोप गरेर होइन, बरु तिनलाई 'सच्याएर' र फाइँफुट्टी र घमण्ड गरेर होइन, बरु आफूलाई कठिन काममा लगाएर नेताहरू आफ्नो प्रतिष्ठालाई उठाउँछन् । गल्तीहरू सच्याउँदा विश्वास कमजोर हुँदैन, बरु बलियो मात्र हुनेछ । घमण्डी र लाज बचाउन चाहने मानिसहरू मात्र गल्तीको पर्दाफास होला भनी डराउँछन् ।

ङ) जनताको बीचमा जाऊ । नेताले जनसाधारणलाई सिकाउने मात्र होइन, उनीहरूबाट सिक्नु पनि पर्छ । कारण के भने नेताहरूको आफ्नै ज्ञान अधुरो हुन्छ र उनीहरूको अनुभव अपर्याप्त रहन्छ । नेतृत्वदायी स्थान आफैले ज्ञान र अनुभव दिन सक्दैन । त्यसैले जनतामा गएर उनीहरूबाट अनुभव लिनु आवश्यक छ । हामी के माग गर्छौं भने १. कामरेडहरू जनताको निकट रहून्, उनीहरूसित सम्पर्क राखून् र केही हदसम्म उनीहरूसित एक होऊन्, २. उनीहरूले जनआवाजप्रति ध्यान दिऊन्, ३. तिनीहरूबाट सिकून्, र ४. तिनीहरूको पिछ्लग्गू बन्नुको सट्टामा तिनीहरूलाई शिक्षित पारुन् ।

*६. जनसाधारणको नेतृत्व गर्नु र तिनीहरूलाई साथी बनाउनु*

क) पार्टी सदस्यहरूको जुन ढंगबाट नेतृत्व गरिन्छ, त्यही ढंगबाट जनसाधारणको नेतृत्व गरिनु हुँदैन । जनसाधारणको नेतृत्व गर्ने तरिका र उनीहरूप्रति लिइने हाम्रो दृष्टिकोणबाट उनीहरूमा के भावना नपरोस् भने हामी नेतृत्वको प्रयोग गरिरहेका छौं ।

ख) जनसाधारणको नेतृत्व गर्ने आधारभूत तरिका आग्रह हो, अवश्य पनि हुकुम होइन । आवश्यक पर्न जाँदा र बहुमतको सहमति तथा अल्पमतको असहमति भएका अवस्थाहरूमा मात्र हामीले अल्पमतलाई बहुमतको फैसलालाई कार्यान्वित गर्न वाध्य पार्न सक्नेछौं ।

ग) जनतालाई नेतृत्व दिनमा र तिनीहरूलाई स्थायी बनाउनमा नेताहरू आफैले दृष्टान्तयोग्य भूमिका खेल्नुपर्छ ।

घ) आवश्यक परेमा नेताहरूले आफूलाई गरेको अपमानलाई वेवास्ता गर्नुपर्छ।

ङ) नेताहरूले कहिल्यै पनि आफूले खेल्ने भूमिका वा आफूले पार्ने प्रभावको कम मूल्यांकन गर्नु हुँदैन, र विवेकपूर्ण तथा होशियारीपूर्ण ढंगबाट काम गर्नुपर्छ।

*७. नेतृत्व-कला*

लेनिन र स्टालिनद्वारा व्याख्या गरिएको नेतृत्व-कला अनुसार, नेताहरू आन्दोलनभन्दा धेरै अघि दगुर्नु हुन्न, र आन्दोलनभन्दा पछि पनि पर्नुहुन्न । बरु उनीहरूले मुख्यचाहिं अभिभारालाई बुझेर आन्दोलनलाई अघिल्तिर धकेल्नुपर्छ।

कामरेड माओ चतुङद्वारा व्याख्या गरिएको नेतृत्व-कला अनुसार, नेताहरूले सर्वोपरी परिस्थितिलाई ध्यानमा राख्नुपर्छ, बहुसंख्याको दृष्टिबाट सोच्नुपर्छ र हाम्रा मित्रहरूसँग मिलेर काम गर्नुपर्छ ।

*८. कार्य-तरिका*

क) संघर्षको क्रममा सैद्धान्तिक धारणा र मतहरूलाई जाँच्नु। ख) ठोस कामको सिलसिलामा नीतिहरूको निर्धारण र समीक्षा गर्नु। ग) क्रान्तिकारी भावनाले काममा सुधार ल्याउनु । घ) प्रजातन्त्रको संवर्द्धन गर्नु र आलोचना तथा प्रत्यालोचनालाई प्रोत्साहित गर्नु। र ङ) मुख्यरूपले आग्रहलाई प्रयोग गर्नु र प्रशासनिक आदेशलाई प्रयोग नगर्नु। संकटकालीन स्थितिमा मात्र आदेशको सहारा लिनू।

*९. कार्य-शैली*

क) लेनिनको कार्य-शैलीमा तलका कुराहरू छन् :-

रसियाली क्रान्तिकारी जोश, र अमेरिकाली कार्यक्षमता ।

ख) कमरेड माओ चतुङको कार्यशैलीमा तलका कुराहरू छन् :

चिनियाँ जनताको विनम्रता र यथार्थवाद; चिनियाँ किसानको सरलपन र उद्यमशिलता; बुद्धिजीवीहरूको अध्ययन तथा गहन चिन्तनप्रतिको प्रेम; क्रान्तिकारी सिपाहीको लचिलोपन र ठण्डा दिमागले सोच्ने प्रवृत्ति; र वोल्सेविकको दृढसंकल्प र निडरता ।

ग) दैनिक काममा देखापर्ने सबैखालको अवसरवादको विरोध गर । अहिले हामीले खास गरेर लापरवाही, व्यर्थको बकवाद, हठीपन, औपचारिकतावाद, रुटिनवादका विरुद्ध र पार्टी तथा सेनाका राम्रा परम्पराहरूलाई नष्ट पार्ने सारा कामको विरुद्ध जुध्नुपर्छ । *समाप्त*

## भारतीय...

भाषामा काली नदीलाई कुटीयाङ्दी भनिन्छ। सन् १९६२ को भारत-चीन युद्धपछि भारतले कालापानीछेउमा नक्कली कुलो बनाएर त्यसलाई काली नदी भन्दै आएको छ । सुगौली सन्धिमा भने नेपालको पश्चिम सीमा काली नदी उल्लेख भएको हुँदा नक्कली कुलोलाई नै काली मानेर भारतले नेपाली भूमि अतिक्रमण गरेको छ। राजपत्रमा भनिएको छ, 'काली नदीको उद्गमस्थल लिम्पियाधुरा क्षेत्रको कुटीयाङ्दी हो।'

भारतले सन् १८५६ पछिका नक्सामा काली नदीलाई सारेर लिपुखोला काली नदी भनेको छ भने वास्तविक काली नदीलाई कुटीयाङ्दी भनेको छ । सीमा अभियन्ता श्याम श्रेष्ठले सिंहदरबारमा बुधबार भएको छलफलमा राजपत्रमा काली नदीको शिर लिम्पियाधुरा स्पष्ट उल्लेख रहेको बताए। उनले तथ्य, प्रमाण, नक्सा र ऐतिहासिक पृष्ठभूमिले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूभाग भएको स्पष्ट रहेकाले सबै प्रमाण संकलन गरेर भारतसँग वार्तामा बस्न सरकारलाई सुझाव दिए । श्रेष्ठले महाकाली सन्धिताका पदमरत्न तुलाधरको संयोजकत्वमा सीमा अतिक्रमण प्रतिकार समिति गठन गरेर आफूहरूले एक वर्ष ३ महिना लगाएर तथ्य संकलन गरेको जानकारी गराए। उनका अनुसार नाप नक्सा खोजबिन उपसमिति र ऐतिहासिक तथ्य खोजबिन समितिले बेलायतसम्म पुगेर तथ्य ल्याएको थियो ।

श्रेष्ठले सन् १८१६ को सुगौली सन्धिभन्दा २ महिनाअघिको नक्सा र सन्धिलगत्तैको नक्सा आफूसँग रहेको बताए । उनले भने, 'सन् १८२७ र १८५६ नक्सामा लिम्पियाधुरासम्म समेटेको नेपालको नक्सा मसँग छ।' उनले तत्कालीन इस्ट इन्डिया कम्पनीका सर्भेयर जनरल अफ इन्डियाले जारी गरेका ४ र अरूले जारी गरेका ५ वटा नक्सा बेलायतबाट ल्याएको जानकारी दिए। 'बेलायतको पुस्तकालयबाट ९ वटा नक्सा तथा ऐतिहासिक तथ्य ल्याएका थियौं। सबै नक्सामा लिम्पियाधुरासम्मको भूमि नेपाली भएको स्पष्ट छ।'इस्ट इन्डिया कम्पनीका कामु मुख्य सचिव जेएमस एडम्सले नेपालस्थित रेजिडेन्स (राजदूत) लाई चिठी लेखेर व्यास गर्खा नेपाललाई छोडिदिनु भनेको प्रमाण पनि संकलन गरेको उनले बताए । चिठीमा उल्लेख छ, 'सुगौली सन्धिअघि व्यास गर्खा भारतीय भूमि थियो। अहिले नेपाल भएको छ। अब त्यहाँका बासिन्दाले नेपालमै तिरो तिर्नू।'


जेएमस एडम्सले कुमाउँ गढवालका कमिसनरलाई लेखेको चिठीमा उल्लेख छ, 'भोटिया (त्यहाँका बासिन्दा) भारतमा आउन खोजेका छन् । सुगौली सन्धिअनुसार व्यास गर्खा नेपाल भयो। अब त्यहीं बस्नू, तिरो तिरन त्यहीं गर्न भन्नू।' श्रेष्ठले लिम्पियाधुरा क्षेत्रका नाबी, कुटी, गुन्जी र छाङरुका जनताले भारत-चीन युद्धअघिका नेपालको निर्वाचन सहभागिता जनाएको बताए। '१५ सालको निर्वाचनमा त्यहाँका बासिन्दाले नेपालमै भोट हालेका थिए । भारत-चीन युद्धअघिसम्म त्यतै भोटिङ गरेका थिए,' उनले भने। यो क्षेत्रमा २०१८ सालसम्मको जनगणना नेपालबाटै भएको छ। 'भारतीय गजेट भखरै भेटिएको छ,' श्रेष्ठले भने, 'चिठी, जनगणना, तिरोतिरन, निर्वाचन सहभागी अकाट्य प्रमाण हुन्।'

## क्रान्तिकारी...

भृकुटीमण्डप, भद्रकाली, सहिदगेट, सुन्धरा, एनएसी, वीरअस्पताल हुँदै पुनः रत्नपार्क शान्तिबाटिकामा पुगेर सभामा परिणत हुने गरी विरोध ऱ्याली प्रदर्शन गरिने छ।

विरोधसभालाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, आयोजक संगठनका अध्यक्षहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको छ । साथै, राष्ट्रिय स्तरका चर्चित कलाकारहरूले गीत तथा नृत्य प्रस्तुत गर्ने कार्यक्रम रहेको आयोजक संगठनका नेताहरूले बताएका छन् । उनीहरूका अनुसार कार्यक्रममा ठूलो संख्यामा युवा, विद्यार्थी र मजदुरहरू उतार्ने तयारी गरिएको छ । विरोध प्रदर्शनको कार्यक्रमलाई प्रभावकारी बनाउन शनिबार कुपण्डोल कार्यालयमा अन्तिम तयारी बैठक बस्यो । आयोजक संगठनका नेताहरूसहित पार्टीका स्थायी समिति सदस्य तथा मध्यब्यूरो इन्चार्ज गौरव, ३ नं. प्रदेश इन्चार्ज सागर, पीवीएम प्रभाकिरण, सेक्रेटरी प्रवेशलगायतका नेताहरूको उपस्थितिमा बसेको बैठकले कार्यक्रमलाई सफल र प्रभावकारी बनाउन ठोस कार्यविभाजन गरेको नेताहरूले बताएका छन् ।

विरोध प्रदर्शनलाई लक्षित गरी आयोजक संगठनहरूले 'राष्ट्रिय स्वाधीनताको रक्षा गरौं, मंसिर १६ गते शान्तिबाटिका जाऔं' शीर्षकमा पर्चा समेत प्रकाशन गरी व्यापक रूपमा वितरण गरेका छन् ।



राष्ट्रिय स्वाधीनताको रक्षा गरौं !
मंसिर १६ गते शान्तिवाटीका जाऔं !!

राष्ट्रिय स्वाधीनताका आन्दोलन किन ?

१. सन् १८१६ मा नेपाल-इष्टइण्डिया कम्पनी बीच भएको सुगौली सन्धीमा नेपालको पश्चिम सिमाना काली नदी भएको स्पष्टसँग उल्लेख छ । त्यसपछि इष्टइण्डिया कम्पनीले लिम्पियाधुरालाई काली नदीको मुहान मानी काली नदीलाई सीमाना बनाएर भारतको नक्शा सन् १८२७ मा तयार गरेको थियो । भारतीय सेनाले उक्त भूभाग कब्जा गर्नुभन्दा अगाडि उक्त भूभागमा नेपालबाट जनगणना गरिएको, त्यहाँका जनतालाई उनीहरुको जग्गाको लालपुर्जा वितरण तथा नागरिकता दिइएको स्थिति थियो । यो कुरा सम्पूर्ण जनतालाई अवगत गराउन ।

२. सन् १९६२ मा भारत चीन युद्धमा भारतीय सेना पछाडि हट्ने क्रममा अस्थायी रुपमा कालापानीमा आएर बसेको थियो । तर कालापानीबाट भारतीय सेना फर्केको छैन । झन् स्थायी क्याम्प बनाएर नेपालको कालापानी-लिपुलेक-लिम्पियाधुरा कब्जा गरी बसेको छ । उक्त भूभागबाट भारतीय सेनालाई फिर्ता पठाउन ।

३. भारतीय विस्तारवादले उक्त भूभाग कब्जा गरी राखेको मात्र होइन, भारत सरकारले भारतको नक्शा प्रकाशन गर्दा नेपालको कालापानी-लिपुलेक-लिम्पियाधुरालाई पनि भारतको नक्शाभित्र गाभेको छ । उक्त भारतीय नक्शा सच्याउन दवाव दिन ।


४. विगत पंचायत कालदेखि अहिलेसम्मका नेपालका सत्तासिन शासकहरुबाट भारतीय विस्तारवादद्वारा अनाधिकृत रुपमा कब्जा गरी राखेको कालापानी-लिपुलेक-लिम्पियाधुरा फिर्ता लिन कुनै पहल गरेको छैन । त्यसैले तुरुन्त पहल गर्न राज्यलाई दवाव दिन ।

५. विगत दुई वर्ष अगाडिदेखि नेकपा(क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले नेपालमा सर्वत्र प्रयोग भइरहेको भारतद्वारा प्रकाशित गलत नक्शा जफत गरी सही नक्शा प्रयोग गर्न र कालापानीबाट भारतीय सेना हटाउन आन्दोलन गर्दा मुखमा बुझो, कानमा कपास र आँखामा पत्ती बाँधेर बसेको ओली सरकारले अहिले आएर कालापानी-लिपुलेक-लिम्पियाधुरा नेपालकै रहेको भनेर बोल्न त बोलेको छ तर परराष्ट्र मन्त्रालयमार्फत कर्मचारी स्तरबाट कुटनीतिक नोट मार्फत भारतद्वारा प्रकाशित नक्शाको विरोध गरेर झारा टार्ने काम मात्र भएको छ । त्यसैले अविलम्ब प्रधानमन्त्री स्तरबाट कुटनीतिक पहल बढाउन र यो मुद्दालाई अर्न्तराष्ट्रियकरण गर्न राज्यलाई दवाव दिन ।

६. भारतद्वारा कालापानी-लिपुलेक-लिम्पियाधुरा बाहेक सुस्तामहेशपुर लगायत अन्य ७१ ठाउँमा नेपालको सिमाना मिचिएको छ । उक्त मिचिएको सम्पूर्ण भूभाग फिर्ता गर्न ।

७. कालापानी-लिपुलेक-लिम्पियाधुरा लगायत भारतद्वारा अतिक्रमित भूभाग फिर्ता गर्न सबै नेपाली जनता एक ढिक्का भएर शसक्त संघर्ष नगरी संभव छैन । त्यसैले देशभित्र र वाहिर नेपाली जनताको शसक्त आन्दोलन उठान गर्न ।

आयोजकः
क्रान्तिकारी युवा लिग, नेपाल, ३ नं. प्रदेश
अखिल (क्रान्तिकारी), ३ नं. प्रदेश
अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ, ३ नं. प्रदेश




गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी काठमाडौं
३ नं. प्रदेश नेपाल
VISIT Nepal Year 2020

सूचना

१. स्वास्थ्य र पौस्टिक खान खाऔं, नियमित स्वास्थ्य जाच गरौं
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हऊ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाऊन तौल लिई वृद्धि अनुगमन गरौं
५. म्याद गएको सामग्रीहरुको विक्री वितरणमा रोक लगाऔं उपभोक्ताको जीवनसंग खेलवाड नगरौं
६. बोट बिरुवा रोपौं गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हराभरा बनाऔं ।

भिम बहादुर शाही
प्रशासन, योजना तथा अनुगमन शाखा
गोकर्णेश्वर नगरपालिका







**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५११३४८३०, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।